# अध्याय एक

## शोध परिचय

### विषय प्रवेश

लिखित वा मुद्रित सामग्रीलाई स्रोताले सुन्ने गरी आवाज निकालेर उच्चारण गर्नु वा पढ्नु सस्वर वाचन गर्नु हो । वाचनका प्रकारहरूमध्ये सस्वर वाचनलाई वाचन सीप विकासको प्रारम्भिक एवंम् महत्वपूर्ण चरणका रूपमा लिइन्छ । सस्वर पठन भाषाको पठन सीप अन्तर्गत पर्दछ ।

सस्वर वाचन लिखित सामग्रीलाई आवाज सहित गति, यति, आघात, हाउभाउ आदिमा समेत ध्यान दिई वाचन गर्नुपर्ने हुन्छ । यसरी गति, यति मिलाई शुद्द र स्पष्ट पढ्नुका साथै वर्ण, अक्षर, शब्द एवम् वाक्यको ठिकसँग उच्चारण गर्नुमा नै सस्वरपठनको सार्थकता रहन्छ । सस्वर पठन तल्ला कक्षाहरूमा बढी प्रभावकारी हुन्छ । माथिल्ला कक्षाहरूमा त्यसको मात्रा कम हुन्छ । माथिल्ला कक्षाहरूमा त्यसको मात्रा घटाउँदै लगी मौन पठनसँग सम्बन्धित गराउनु आवश्यक देखिन्छ ।

उच्चारण अङ्गका सहयोगबाट भाषिक ध्वनिको उच्चारण हुनु नै उच्चारण हो तथा सस्वरपठनको मूलरूपमा भाषाका तिनवटा सुनाइ, बोलाइ र पढाइको आधारभूमि भन्नु नै सस्वरपठन हो । सस्वरपठनको अशुद्धिले गर्दा बोलाइ अस्पष्ट हुने अर्थको अनर्थ हुने एवम् अप्रभावकारी हुनेजस्ता सम्भावना रहन्छन् । वक्ता जुन सामाजिक, सांस्कृतिक, भौगोलिक वातावरणको हो सोहीअनुसारको भाषिक रङ्गबाट मौखिक भाषा केही न केही रञ्जित हुन्छ, जसले गर्दा भाषाको स्तरीय रूपभन्दा स्थानीय विविधतामा अभ्यस्त हुन्छ । त्यस्तै भिन्न मातृभाषा भएका शिक्षार्थीहरू आफ्नो मातृभाषाको सस्वरपठनको व्यवस्थाबाट अभ्यस्त भएका हुन्छन् भने कतिपय कमजोरी अक्षर चपाएर बोल्ने अस्पष्ट बोल्नेजस्ता रहेका छन् ।

लिखित सामग्रीलाई आवाज निकालेर पढ्नु सस्वरपठन हो । लेख्य लिपि चिह्नहरूलाई आवाज निकालेर उच्चारण गर्दा गल्ती हुन सक्छ, त्यसैले अभिव्यक्तगत कृत्रिमतालाई सहजतापूर्वक कथ्य भाषाको निकट पुऱ्याउन सस्वरपठनको महत्त्वपूर्ण प्राप्ति मानिने छ । यसमा लिपिबद्ध सामग्रीलाई अरूले सुन्ने गरी सुहाउँदो आवाजका साथ पढ्ने कार्य गरिएको छ । यसमा प्रारम्भिक कालमा बालकलाई सस्वरपठनमा सक्रिय गराएर भविष्यका लागि

कुशल वक्ता बनाउने उद्देश्य राखिन्छ । त्यसका लागि लिखित सामग्री गति, यति, आरोह, अवरोह, लय, बालघात, चिह्न, वर्णविन्यास आदिको ख्याल गरी वाचन गर्ने सीपको विकास हुन्छ र मौन पढाइको पूर्वाधार हुन्छ । त्यस्तै हाउभाउपूर्ण अभिव्यक्ति, भावानुकूल मुखमुद्रा मिलाएर ध्वनि उच्चारण गर्नु विविध शब्द, वाक्य अनुच्छेद वा सङ्कथनको शुद्ध सस्वरपठन गराउन र अरूलाई आफूतिर आकर्षित गर्न प्राथमिक र निम्न माध्यमिक तहमा यसको शिक्षण गर्नु उपयुक्त हुने छ । कुनै पनि शिक्षार्थीलाई औपचारिक रूपमा भाषा सिकाउँदा सर्वप्रथम सस्वरपठन गर्न लगाइन्छ । सस्वरपठन तल्ला र माथिल्ला तहमा फरक फरक किसिमले गरिन्छ । सस्वरपठन सीपको समुचित विकासका लागि उचित किसिमको शिक्षण विधि, शिक्षण सामग्री र मूल्याङ्कन प्रक्रिया अँगाल्नु पर्ने हुन्छ । त्यस किसिमले शिक्षण कार्य भएन भने शिक्षार्थीहरूले अपेक्षित उपलब्धि प्राप्त गर्न सक्तैनन् । त्यस्तै मानक सस्वरपठनमा बाधा पुऱ्याउने तत्त्वहरूमा क्षेत्रीय भाषाको प्रभाव, स्थानीय भाषिकाको प्रभाव, भिन्न मातृभाषाको कारणले गर्दा पनि हुने गर्छ । त्यस्तै शिक्षार्थीको रहनसहन, रीतिरिवाज, ग्रामीण, सहरिया, साक्षर, निरक्षर, वर्गीय, लिङ्गीय आदि कारणले पनि हुने गर्दछ ।

बहुभाषिक देश नेपालमा विभिन्न भाषाभाषीहरूको सम्पर्क भाषा, माध्यम भाषा, कार्यालयीय भाषा, नेपाली भाषा भएकाले सबैले नेपाली भाषा सिक्न अनिवार्य छ । शिक्षाको माध्यम प्राथमिक तहसम्म मातृभाषा हुने भनिए पनि पूर्णतः लागु हुन नसकेको अवस्थामा प्राथमिक तहमा पनि नेपाली भाषा नै माध्यम भाषा हुन पुगेको छ । निम्न माध्यमिक तहमा त अनिवार्य रूपमा नेपाली पढ्नुपर्ने भएकाले सबै विद्यार्थीका लागि नेपाली भाषा अध्ययन अपरिहार्य हुन पुगेको छ । त्यसैगरी अवधी भाषी विद्यार्थीहरूले पनि नेपाली भाषालाई माध्यम भाषाका रूपमा ग्रहण गरिरहेको अवस्थामा उनीहरूले गर्ने सस्वरपठन सीपहरू कति र के–कस्तो हासिल गरेका छन् ? उक्त भाषिक सीपमा व्यक्ति दक्ष छन् ? उक्त सीपमा के–कस्ता समस्या छन् ? र तिनका कारण के हुन सक्छन् ? र समाधानका उपाय के हुन सक्छन् ? भन्नको निमित्त यस शीर्षकलाई समस्याको रूपमा लिइएको छ ।

## समस्या कथन

भाषा विचार विनिमयको साधन हो । जबसम्म ध्वनि अवयवहरूद्वारा लिखित रूपमा रहेको लिपिलाई उच्चारित गरिदैँन तबसम्म भन्न खोजेको वास्तविक कुरा थाहा पाउन सकिँदैन । यसरी भाषामा आदानात्मक र प्रदानात्मक किसिमको शक्ति रहेको हुन्छ । भाषाका चारवटा सीपहरूमा सक्षम नभएसम्म भाषिक अभिव्यक्तिमा पनि सक्षम हुन सक्दैन । चारवटा

सीपहरू एक आपसमा अन्तरसम्बन्धित भएकाले एउटा सीप सिकाइले अर्को सीप सिकाइमा पनि महत्वपूर्ण टेवा पुऱ्याएको हुन्छ । यसरी बालक मानक भाषामा तबमात्र सफल हुन पुग्छ जब उसले सुनाइ, बोलाइ, लेखाइ र पढाइमा पनि सफलता हासिल गरेको हुन्छ ।

लिखित सामग्रीलाई कथ्य भाषाको ढाँचाअनुसार अर्काले सुन्ने गरेर पढ्नु सस्वरपठन हो । यसमा खास गरेर शब्दोच्चारण र श्रोताको ख्याल गरिनुका साथै सामग्रीको बोध पनि गरिन्छ । तल्ला कक्षाहरूमा पनि सस्वरपठन गराउनु बढी उपयुक्त हुन्छ । सस्वरपठन गराउँदा उच्चारणमा गल्ती भए शुद्वता ल्याउन सकिन्छ, शुद्व पढ्ने बानी बसाल्न सकिन्छ , कुशल वाचक बनाउन सकिने, हाउभाउका साथ श्रोतालाई बुझाउन, अर्काले बुझ्ने गरी आवाज निकालेर पढ्ने बानी बसाल्न, ज्ञानलाई विस्तार गरेर वास्तविकताको ग्रहण गर्न पनि सस्वरपठनले नै सहयोग पुऱ्याउने हुँदा सस्वरपठन गराउनु नितान्त उपयोगी ठहर्छ ।

सस्वरपठन गर्ने क्रममा सर्वप्रथम लिपिगत रूपमा रहेको वर्णलाई उच्चारण गर्ने कार्य गरिन्छ । त्यसका साथसाथै शब्दोच्चारण, वाक्योच्चारण र अनुच्छेदलाई नै पढेर उच्चारण गर्ने गरिन्छ । यसरी नै लिखित रूपमा रहेको लिपि र त्यसले व्यक्त गर्न खोजेको भावमा परिचित गराइन्छ ।

पढ्दाखेरि पनि कोही-कोही व्यक्तिले उल्टोपाल्टो गरेर पढ्ने शब्द छुटाई पढ्ने, गलत उच्चारण गरेर पढ्ने, अर्कै अर्थ अभिव्यक्त गर्ने, गति,यति, लय, विधा र भावानुसार हाउभाउ, चिन्हहरूसम्बन्धी ख्याल गर्नुपर्ने ठाउँमा देखिएका त्रुटिहरूलाई सस्वरपठनकै माध्यमबाट निमूर्ल गर्न सकिन्छ । यस अध्ययनका समस्याहरू निम्नलिखित छन् :

(क) कक्षा आठमा अध्ययनरत विद्यार्थीको सस्वर पठन क्षमता कस्तो रहेको छ?

(ख) विद्यार्थीहरूको सस्वर वाचन क्षमता कस्तो छ ?

(ग) नेपाली मातृभाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरूको सस्वरवाचन क्षमताको स्थिति कस्तो छ ?

## अध्ययनको उद्देश्य

यस शोध अध्ययनका उद्देश्यहरू निम्न लिखित रहेका छन् :

(क) कक्षा आठमा अध्ययनरत विद्यार्थीको सस्वर पठन क्षमता पत्ता लगाउनु

(ख) नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीको सस्वर पठन क्षमताको तुलनात्मक अध्ययन गर्नु,

(ग) सस्वर पठनमा देखापर्ने समस्याका कारण पत्ता लगाई आवश्यक सुझाव दिनु ।

**अध्ययनको औचित्य**

भाषा मानवीय विचार विनिमयको प्रमुख माध्यम हो । प्रभावकारी ढङ्गले विचार विनिमय गर्नका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सीप आवश्यक हुन्छ । यसरी वाचन क्षमता पढाइ सीपसँग सम्बन्धित रहेकाले भावना वा विचारलाई सिलसिलाबद्ध गरेर लेखिएका कुराहरूलाई सरल, सहज र प्रभावकारी ढङ्गले वाचन गर्ने र स्रोतालाई सुनिरहनको लागि आकर्षित गर्दै गति र यतिको समेत ख्याल गरी शुद्व, स्पष्ट र सरल ढङ्गले वाचन क्षमताको सीप विकास गर्नु अपरिहार्य छ । वाचन सीपको पृष्ठभूमिका रूपमा उच्चारण सीप अनिवार्य छ जो व्यक्तिले लेखिएका कुरालाई शुद्व र स्पष्टसँग उच्चारण गर्न सक्दैन उसले वाचन सीपको अपेक्षा नगरे पनि हुन्छ किनभने वाचन सीपको पूर्ववर्ती रूप नै उच्चारण सीप हो । यसरी उच्चारण र वाचन एक अर्कामा परिपूरकको रूपमा पनि रहेको हुन्छ । भाषा सिकाइका विभिन्न सीपहरूमध्ये महत्त्वपूर्ण सीपका रूपमा रहेको वाचन सीपले व्यक्तिमा वाचनसँग सम्बन्धित विभिन्न प्रकारका कमजोरीहरू जस्तैः अशुद्ध उच्चारण गर्ने, धेरै छिटो तथा धेरै ढिलो वाचन गर्ने, गति, यति तथा तथा चिह्नको ख्याल नगरी वाचन गर्ने, जिब्रो चपाएर र जिब्रो लडबडाएर र भकभकाएर वाचन गर्ने जस्ता कमजोरीहरूलाई हटाएर वाचन सीपमा अभ्यस्त बनाउन सहयोग पुर्‍याउँछ । लिखित अभिव्यक्तिद्वारा व्यक्त गरिएको विचारलाई त्यसको भाव, सन्देश, मर्म आदिमा कुनै बाधा उत्पन्न नहुने गरी प्रभावकारी र उत्कृष्ट ढङ्गले वाचन गर्नु महत्त्वपूर्ण कार्य हो । यस्तो महत्वपूर्ण सीपको विकासबाट विद्यार्थीमा हुने भाषिक ज्ञान तथा सीपको समेत विकास गर्न महत्वपूर्ण योगदान पुग्ने र विद्यार्थीको शिक्षण सिकाइ कार्य सही ढङ्गले अगाडि बढ्न सक्ने हुँदा यसको विकासमा थप सहयोग पुर्‍याउने र विद्यार्थीको शिक्षण सिकाई कार्यमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । त्यसकारण यस अध्ययनले सस्वर वाचनसँग सम्बन्धित सम्पूर्ण पक्षहरूलाई सहयोग पुग्ने देखिन्छ । त्यसमा पनि विशेषतः पाठ्यपुस्तक निर्माता, भाषविद्, पाठ्यक्रम निर्माता, शिक्षक, विद्यार्थीलगायतलाई प्रत्यक्ष फाइदा पुग्ने अपेक्षा गरिएको छ ।

## अध्ययनको सीमाङ्कन

जुनसुकै अध्ययनको पनि क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भावना अनुसन्धानको क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ। त्यसैले अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाइ हुने हुँदा अध्ययनको व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ। त्यसकारण अध्ययनको निश्चित क्षेत्र, सीमा नतोकिए यस कुरालाई मध्यनजर गरी प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ।

(क) यो अध्ययन झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको सस्वर पठन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ।

(ख) प्रस्तुत अध्ययन झापा जिल्लाका तीन सरकारी र तीन निजी गरी ६ ओटा विद्यालयका ६० जना विद्यार्थीमा सीमित रहेको छ।

(ग) प्रस्तुत अध्ययन झापा जिल्लाका उपर्युक्त छवटा विद्यालयका नेपाली मातृभाषी तथा विमातृभाषी विद्यार्थीको सस्वर पठन क्षमताको अध्ययनमा सीमित रहेकोछ।

## शोधपत्रको रूपरेखा

| | | |
|---|---|---|
| अध्याय एक | : | शोध परिचय |
| अध्याय दुई | : | पूर्वकार्यको समिक्षा र सैद्धान्तिक अवधारणा |
| अध्याय तिन | : | शोध विधि र प्रक्रिया |
| अध्याय चार | : | सस्वर पठनको व्याख्या तथा विश्लेषण |
| अध्याय पाँच | : | निष्कर्ष |

# अध्याय दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

### पूर्वकार्यको समीक्षा

कुनै पनि कार्य थालनी गर्नुभन्दा पहिलो त्यससँग सम्बन्धित पूर्वकार्यहरू के-के भएका छन् र अब के हुन सक्छन् भनी विगतको सामान्य ढङ्गले अवलोकन गर्न आवश्यक देखिन्छ किनभने कुनै पनि कामको आधार पूर्वकार्यको समीक्षा हो जसले वर्तमानलाई निर्देशित गर्दछ र वर्तमानलाई सघाउँदै अध्ययनलाई आधार समेत प्रदान गरेर उद्देश्यमूलक बनाई सही बाटोमा हिड्न सहायता प्रदान गर्दछ । त्यसकारण यस अध्ययनसँग पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सम्बन्धित केही पूर्व अध्ययनको अवलोकन गर्ने प्रयास गरिएको छ ।

सुवेदी (२०६०) ले *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको सस्वर वाचन सम्बन्धी अध्ययन* शोधपत्र तयार गरेको पाइयो । यस शोधकार्यको समस्या मूलतः पहिलो भाषी दोस्रो भाषीको सस्वर पठन, छात्रछात्रा बिचको सस्वर पठन, सहरी र ग्रामीण क्षेत्रका विद्यार्थीको सस्वर पठन क्षमताको केही भिन्नता रहेको पाइयो । यसमा सार्वजनिक र निजी विद्यालयलाई नमुनाको रूपमा लिई काठमाडौँ उपत्यकाभित्रका ५ निजी र ५ सरकारी गरी १० वटा विद्यालय छनोट गरिएको थियो । जसमा निजी र सरकारी गरी १० वटा विद्यालयमा अध्ययनरत कक्षा पाँचका १० जनामध्ये पाँचजना नेपाली मातृभाषी र पाँचजना विमातृभाषाी विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा छानेर गरिएको पाइन्छ । यस अध्ययनमा सस्वरवाचनको समय स्थितिलाई हेर्दा विद्यार्थीहरूले विराम चिह्नको ख्याल नगरी सस्वरवाचन र आरोह नमिलाई कही बढी विराम र केही कम विराम गरेका गति, यति लय, हाउभाउपूर्ण अङ्ग सञ्चालन गर्न नसकेको अवस्था देखियो । उक्त सस्वरवाचन क्षमताको अध्ययनका क्रममा गर्न हुने र नहुने कुराहरू राखी फाराम भर्न लगाइ अत्युत्तम, उत्तम, मध्यम, निम्न र नजान्ने आधारमा छुट्याई निष्कर्ष निकालिएको पाइयो । मूलतः सर्वेक्षण पद्धतिका आधारमा सम्पन्न गरिएको छ ।

गिरी (२०६२) ले *कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको सस्वर पठन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र गरेको पाइयो । यस शोध कार्यको समस्या मूलतः पहिलो भाषी दोस्रो भाषीको सस्वर पठन, छात्रछात्रा बीचको सस्वर पठन, सहरी र ग्रामीण क्षेत्रका विद्यार्थीको सस्वर पठन क्षमताको केही भिन्नता रहेको पाइयो । यसमा पर्वत जिल्लाका सरकारी र

निजी गरी १२ वटा विद्यालयमा कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको पाइयो । यस शोधविधिको समस्या मूलतः मातृभाषी विमातृभाषीको सस्वर पठन, छात्रछात्राबीचको सस्वर पठन, सहरी र ग्रामीण क्षेत्रका विद्यार्थीको सस्वर पठन क्षमताको केही भिन्नता रहेको पाइयो । उक्त अध्ययनमा सामग्री सङ्कलन र निर्माणका लागि कक्षा चारको मेरो नेपाली किताबमाा रहेका कथा, जीवनी र प्रबन्धलाई आधारमानी फाराम भराइएको छ। यही फारामको आधारमा विद्यार्थीहरूको सस्वर पठन क्षमताको अध्ययन गरिएको पाइयो । यस अध्ययनको समस्या समाधानका लागि मूलतः  सर्वेक्षण विधि र पुस्तकालयीय विधि प्रयोग गरेको पाइयो ।

बास्कोटा (२०६६) ले *पाँच कक्षा पूरा गरेका विद्यार्थीहरूको सस्वर पठन क्षमताको अध्ययन* शोधपत्र गरेको पाइयो । यस शोध पत्रको समस्या मूलतः मातृभाषी विमातृभाषीको सस्वर पठन, छात्रछात्रा बिचको सस्वर पठन, सहरी र ग्रामीण क्षेत्रका विद्यार्थीको सस्वर पठन क्षमताको केही भिन्नता रहेको पाइयो । यस शोधपत्रमा सरकारी र निजी साथै पहिलो भाषाभाषी र दोस्रो भाषाभाषी विद्यार्थीहरूको प्रत्येक स्तरमा तुलनात्मक अध्ययन गर्दै उनीहरूको अवस्था छुट्याइएको पाइयो। यसका अतिरिक्त अध्ययन गरिएका विभिन्न आधारमध्ये मध्यम स्तरमा सबैभन्दा बढी तथा अति राम्रो र निम्न स्तरमा सबभन्दा कम विद्यार्थीहरू रहेको पाइयो भने बाँकी राम्रो र मध्यम स्तरमा उनीहरूको सङ्ख्या सन्तोषजनक रहेको देखियो । साथै निजी विद्यालयको तुलनामा सरकारी विद्यालयका विद्यार्थी र दोस्रो भाषाभाषी विद्यार्थीभन्दा पहिलो भाषाभाषी विद्यार्थीहरू राम्रो स्तरमा रहेको पाइयो । यस अध्ययनको समस्या समाधानका लागि मूलतः सर्वेक्षण विधि र तुलनात्मक विधि प्रयोग गरेको पाइयो ।

ढकाल (२०६९) ले *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको  सस्वर पठन क्षमताको अध्ययन* शीर्षकको शोधपत्र रहेको छ । यस शोध कार्यको समस्या मूलतः मातृभाषी विमातृभाषीको सस्वर पठन, छात्रछात्रा बीचको सस्वर पठन, सरकारी र निजी विद्यालयका वालवलिकाको सस्वर पठन क्षमताको तुलनात्मक अध्ययन रहेको पाइयो । यहाँ दशवटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूको अध्ययन गरिएको छ, जहाँ ५ सरकारी र ५ निजी विद्यालयका विद्यार्थीहरूलाई लिई अध्ययन अनुसन्धान गरिएको पाइयो । यसमा सरकारी विद्यालयका विद्यार्थीहरूभन्दा निजी विद्यालयका विद्यार्थीहरूको सस्वर पठन क्षमताको स्तर मध्यम श्रेणीमा बढी देखियो । बालबालिकाहरू उत्तमको स्थितिमा पनि परेका छन् भने कमै

बालबालिकाहरू निम्न स्थानमा परेका छन् । अध्ययन र अनुसन्धान गर्दा कुन विद्यार्थी कहाँ पर्‍यो भनेर तालिकीकरण गरिएको छ र उनीहरूको स्तर पहिचान गरिएको छ

भण्डारी (२०६७) ले *कास्की जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको सस्वर पठन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरेको पाइयो । यस शोध कार्यको समस्या मूलतः मातृभाषी विमातृभाषीको सस्वर पठन, छात्रछात्रा बीचको सस्वर पठन, सहरी र ग्रामीण क्षेत्रका विद्यार्थीको सस्वर पठन क्षमताको केही भिन्नता रहेको पाइयो । उक्त शोधकार्यमा कास्की जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको सस्वर पठन क्षमताको अध्ययन गर्ने, नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको सस्वर क्षमताको तुलनात्मक अध्ययन गर्नु, सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरूको सस्वर पठन क्षमताको तुलनात्मक अध्ययन गर्नु र सस्वरपठनका सन्दर्भमा देखिएका कठिनाइका क्षेत्र पत्ता लगाई समस्या समाधानका लागि सुझाव दिनु यस अध्ययनको उद्देश्य रहेको पाइयो । यस अध्ययनका क्रममा कास्की जिल्लाका पाँच सरकारी र पाँच निजी गरी १० विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरी अध्ययन गरेको देखिन्छ । उक्त अध्ययन विश्लेषणमा अत्युत्तममा भन्दा उत्तम श्रेणीमा रहेका विद्यार्थीहरूको सङ्ख्या अधिक रहेको देखाइएको छ । सरकारी विद्यालयका विद्यार्थीको भन्दा निजी विद्यालयका विद्यार्थीहरूको सस्वर पठन क्षमता अधिक रहेको देखाइएको पाइयो ।

यसरी सस्वर पठन क्षमताको कार्यहरूको अध्ययन गर्दा अहिलेसम्म व्यवस्थित अध्ययन कममात्र भएको पाइयो । नेपाली शिक्षा विभागमा सस्वर पठन क्षमताको अध्ययन थोरै मात्र भएको भए पनि कास्की जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सस्वर पठन क्षमतासम्बन्धी अध्ययन अहिलेसम्म नभएको हुँदा यस अध्ययनलाई उपयुक्त ठानिएको छ । यसरी माथि उल्लेख गरिएका अध्ययनहरू मूलतः सर्वेक्षण विधि र पुस्तकालयीय विधिमा सम्पन्न गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

सस्वर पठनकै सम्बन्धमा विभिन्न विद्वानहरूका विचारहरूलाई यसरी पनि प्रस्तुत गरिएको छ :

“सस्वरपठन भनेको लिपिबद्ध चिन्हहरूलाई आवाज निकाली स्रोताले सुन्ने गरी सजीव वा अर्थपूर्ण बनाउनु हो” (अधिकारी, २०५३ : ६९) । अरूले बुझ्ने गरी हाउभाउपूर्ण शुद्ध एवम्

स्पष्टसँग पढ्ने बानीको विकास गर्न सस्वरपठन आवश्यक हुन्छ” (शर्मा र पौडेल, २०६०: ११२) “लिपिबद्ध गरिएका विचारलाई शुद्ध, स्पष्ट र उच्चतम् प्रभावकारिता प्रदान गर्दै आखर गर्नु नै सस्वरवाचन हो” (ढकाल, २०६२:२४०) ।

## सस्वरपठन अध्ययनका आधारहरू

गति, यति, लय चिह्न आदिको ख्याल गर्दै विधाको मर्म र भावअनुसार ध्वनि अवयवहरूका माध्यमबाट आवाज निकालेर शुद्ध र स्पष्टसँग पढ्नु नै सस्वरपठन हो। जब बालबालिकाहरू घर परिवारको वातावरणबाट औपचारिक शिक्षा हासिल गर्न विद्यालय पुग्दछन् । त्यहाँ उनीहरूलाई नयाँ किसिमको वातावरणमा समायोजन हुन कठिनाइ महसुस हुन्छ। उनीहरूले घरमा एक किसिमको भाषा आर्जन गरेका हुन्छन् भने विद्यालयमा पुगेर अर्कै भाषाका माध्यमबाट विचार आदानप्रदान गर्दा उनीहरूलाई निकै गाह्रो हुन्छ। यसरी यस्तो मानक भाषाको प्रयोगले क्षेत्रीय भाषिका, सामाजिक भाषिका बोल्ने, विद्यार्थीहरूलाई असहज स्थितिको सिर्जना गर्दछ। यस किसिमको परिस्थितिमा विद्यार्थीहरूलाई बढीभन्दा बढी सस्वरपठनमा अभ्यास गराउनु पर्दछ। सस्वरपठन तल्ला कक्षामा महत्वपूर्ण हुनाको कारण पनि यही नै हो। त्यसैले सस्वरपठनका पनि केही नीति नियमहरू छन्। जुन नीतिहरूलाई अवलम्बन गर्दै सस्वरपठन गरेको खण्डमा त्रुटिहरूको निराकरण गरेर उद्देश्यसम्म सजिलैसँग पुग्न सकिन्छ (अधिकारी, २०६२ : ९३)।

## गति-यति

पढ्दा शब्द-शब्द छुट्याएर आवश्यक ठाउँमा पढाइको स्वभाविकतालाई खजमजिन नदिई पढ्नु पढाइमा यति दिनु हो र आवश्यकता तथा स्वभाविकता अनुकूल छिटो-छिटो पढ्ने गर्नु पढाइमा गति दिनु हो। यसरी हेर्दा सस्वरपठनमा गति र यतिको ठूलो भूमिका हुन्छ। गति यतिको ख्याल नगरी सस्वरवाचन गरियो भने त्यहाँ उक्त विषयवस्तुले प्रष्ट्याउने कुरामा बाधा पर्नुका साथै स्रोताले समेत सही कुरा पक्रन सक्दैनन्। त्यसैले सस्वर वाचनमा गति र यतिलाई प्राथमिकता प्रदान गर्दै विधाको भाव, मर्म र सन्देश अनुकूल हुनु उचित मानिन्छ र सस्वर वाचनमा गति र यतिलाई सस्वर वाचनको प्राण पनि ठानिन्छ (अधिकारी, २०६२ : ९४)।

### हाउभाउ तथा अभिनय

सस्वर पठनको सन्दर्भमा हाउभाउको पनि महत्त्वपूर्ण भूमिका रहन्छ। हाउभाउले विषयवस्तुको बुझाइमा गहनता प्रदान गर्नुका साथै स्रोतालाई वाचनप्रति आकर्षित पनि गर्दछ साथै मनोरञ्जनात्मक ढङ्गले शिक्षण सिकाइ हुनाका साथै विद्यार्थीमा शिक्षण सिकाइ प्रभावकारी हुन्छ (अधिकारी, २०६२:९४) ।

### चिह्नहरूको उचित प्रयोग

भाषाका दुई माध्यममध्ये लिखित माध्यममा विभिन्न चिह्नहरूले प्रतीकात्मक अभिव्यक्ति रहेको हुन्छ उक्त चिन्हहरूको सही प्रयोग गर्दा र नगर्दा भाषामा धेरै भिन्नता रहने गरेको पाइन्छ। सही ढङ्गले चिह्नहरूका ख्याल गरी सस्वरपठन गर्न सकिएन भने विषयवस्तुको मूल मर्म पक्रन सकिँदैन र शिक्षण अप्रभावकारी हुनुका साथै लिखित सामग्रले व्यक्त गर्न खोजेको भाव, अर्थ र अभिप्रायमा समेत फरक पर्न गई शिक्षण निष्प्रभावी बन्दछ (अधिकारी, २०६२ : ९४) ।

### स्वरप्रसारण

लिखित सामग्रीको भाव पक्रेर भाव अनुसार आरोह अवरोह आघात लय अनुतान सस्वरपठनसँग सम्बन्धित छ। वाक्य सापेक्षा एउटै शब्दले स्वरप्रसारणका विभिन्न प्रक्रियाद्वारा अलग अर्थसंकेत गरेको पनि देखिएको छ। जस्तै : "यति शब्दलाई हामी ज्यादै धेरै र ज्यादै थोरै भन्ने दुबै किसिमका अर्थका लागि भिन्न/भिन्न प्रसङ्गमा भिन्न/भिन्न किसिमका स्वरप्रसारणका माध्यमले बोल्न सक्छौ" (अधिकारी, २०५३ : ९४)। कुनै अक्षर वा शब्दलाई अर्थको जोडअनुसार जोड दिई बोल्नु वा पढ्नुलाई आघात भनिन्छ (अधिकारी, २०५३ : ९५)।

(क) तिमीलाई म भोलि भेट्छु।

(ख) तिमीलाई म भोलि भेट्छु।

(ग) तिमीलाई म भोलि भेट्छु।

(घ) तिमीलाई म भोलि भेट्छु।

विधाअनुसार गद्य वा पद्य जुन विधा भए पनि स्वरप्रसारणका दृष्टिले सही ढङ्गले वाचन गर्न सकेको खण्डमा सस्वरवाचन अर्थपूर्ण र विधाको मर्म जिवित रहन्छ।

## भाव

विभिन्न विधाहरूमा विभिन्न भावका विषयवस्तुहरू क्रमबद्ध गरिएका हुन्छन् र सस्वर वाचनका क्रममा भाषामा फरक पर्न गयो भने भाव अनुकूल हुँदैन। पाठमा दिइएका कथा, निबन्ध, जीवनी, कविता आदिको वाचन गर्दा भावमा विशेष ध्यान दिनु जरूरी छ। सस्वर वाचनका क्रममा भावलाई प्रभाव पार्ने तत्वहरूमा विधाको मर्मअनुरूप वाचन नगर्नु, धेरै छिटो वा धेरै ढिलो वाचन गर्नु, धेरै मसिनो वा धेरै उच्च स्वरले वाचन गर्नु, शुद्व, प्रष्ट चिह्नहरूको ख्याल नगरी पढ्नु, जिब्रो चपाएर, लडिएर वा जिब्रो लडाएर वाचन गर्नु आदि यस्ता समस्याबाट मुक्त हुँदै आफू योग्य वाचक र असल शिक्षक भई सस्वर वाचन गर्नका लागि भावलाई मुख्य ध्यान दिनु जरूरी छ।

## स्पष्ट उच्चारण

सस्वर पठनमा उच्चारणको प्रारम्भिक भूमिका रहन्छ। सस्वर वाचनको पूर्वावश्यक सर्त स्पष्ट उच्चारण हो। स्पष्ट उच्चारणको अभावमा सस्वरपठन हुनै सक्दैन र यदि भैहाले पनि त्यो बोधगम्यता र अर्थका दृष्टिले समेत निस्प्रयोजनीय रहन्छ।

## सस्वर पठनमा प्रभाव पार्ने तत्वहरू

### वातावरण

सस्वर पठनको विकासमा वातावरणकै प्रत्यक्ष र गहिरो भूमिका हुन्छ। यसअन्तर्गत सस्वरवाचन गराउँदाको कक्षाकोठाको वातावरण तथा सिकारूको आन्तरिक वातावरणले पनि भूमिका खेलेको हुन्छ। जस्तैः कक्षा कोठाको वातावरणमा हो-हल्ला, अनुशासनहिनताको अवस्था र भौतिक वातावरणले सस्वरवाचनमा कठिनाई उत्पन्न गर्छ भने व्यक्तिको आन्तरिक कारणमा तनाव, मानसिक कुण्ठा, निरासा, डर, लाज जस्ता संवेगहरूको विचारबाट सस्वरपठन प्रभावकारी र अपेक्षित हुन सक्दैन। भाषिक पृष्ठभूमिको पर्याप्त घुलमिलको अभावमा पनि सस्वरपठन सही र प्रभावकारी ढङ्गले हुन सक्दैन (अधिकारी, २०६३)।

### शारीरिक तथा मानसिक अवस्था

शारीरिक तथा मानसिक अवस्था पनि व्यक्तिको सस्वर वाचनको महत्त्वपूर्ण प्रभावक हो। व्यक्तिले सही र उपयुक्त ढङ्गले सस्वरवाचन गर्नका लागि पहिले त शारीरिक तथा मानसिक रूपले पूर्ण रूपमा स्वस्थ्य र ठीक हुनुपर्छ। यसको ठिक विपरित व्यक्तिमा

शारीरिक कमजोरीहरू भएमा व्यक्ति विरामी भएमा शारीरिक पीडाको कारणले सस्वर वाचन गर्न सक्दैन भने शारीरिक कमजोरी भकभकाउने, लाटो, सुस्त, मनस्थिति तथा अन्य शारिरिक कमजोरी भएमा पनि व्यक्तिले ठीक ढङ्गले सस्वर वाचन गर्न नसक्ने देखिन्छ। त्यसैगरी मानसिक कमजोरीका कारण डर, चिन्ता, रिस, इर्ष्या, कुण्ठा तथा आत्मविश्वासको कमी जस्ता पक्षहरूले समेत वाचनमा कठिनाई उत्पन्न गर्ने हुँदा यस्ता कमजोरीको निराकरण विना सस्वरवचन रही ढङ्गले हुन सक्दैन।

## भाषिक भेद

हाम्रो जस्तो सामाजिक सांस्कृतिक र भाषिक विविधता भएको देशमा सस्वरपठनको प्रभावको रूपमा भाषिक भेदलाई महत्वका साथ लिन सकिन्छ। यस्ता भाषिक भेदका कारणले गर्दा कतिपय भाषाको नेपाली भाषासँगको ढाँचा र संरचनामा समेत विविधता ल्याउने कारणले गर्दा मातृभाषामा अभ्यस्त भई नेपाली भाषाको कममात्र सम्पर्कमा रहेका विद्यार्थीको लागि नेपाली भाषाको सस्वरवाचन कठिन र जटिल पनि हुन सक्छ। हाम्रो देशमा पूर्वेली, परपाच्छिमा, मझपाच्छिमा जस्ता विविध भाषिक शाखा रहनुका साथै लगभग १२३ ओटाजती भाषा अस्तित्वमा रहेको सन्दर्भमा नेपाली भाषामा सस्वरपठनमा विमातृभाषी प्रभाव जटिल बनेको पाइन्छ।

## संवेगात्मक अवस्था

व्यक्तिमा उत्पन्न हुने मानसिक अशान्तिले पनि सस्वरवाचनमा प्रभाव परिरहेको हुन्छ। सामान्य अवस्था रहेको बेला उसको त्यही अवस्थामा हुने हुँदा सहज र सरल तथा प्रभावकारी ढङ्गले सस्वरपठन गर्ने काम कठिन छ। यस्तो असन्तुलनको अवस्थामा व्याक्तिमा विभिन्न शारीरीक र मानसिक तथा वातावरणको कारणले पैदा हुन्छ र व्यक्ति सही ढङ्ले सस्वरवाचन सञ्चालन गर्न सक्दैन।

## रूचि

सस्वर पठनमा रूचिको ठूलो भूमिका हुन्छ। रूचिपूर्ण तरिकाले गरिएको सस्वरवाचन र मन नलागी-नलागी गरिएकोमा धेरै फरक हुन्छ। मन नलागी गरीएको सस्वरवाचन अरू कसैका लागि गरिदिएको वा औपचारिकता मात्र निर्वाह गरेको जस्तो हुन्छ। यसमा स्तरीयताको अपेक्षा नगर्दा हुन्छ। त्यसै गरि व्यक्तिले आफ्नो रूचिले सस्वरवाचन गर्दै छ भने उसले स्रोतको रूचि आफ्नो सवलता तथा पठनलाई प्रभावकारी बनाउनेतर्फ सचेत र अग्रसर हुन्छ त्यसैले सस्वरवाचनमा रूचिपूर्णता एउटा महत्वपूर्ण प्रभावक हो।

# अध्याय तिन

## अनुसन्धान विधि र प्रक्रिया

### अनुसन्धान ढाँचा

प्रस्तुत शोधकार्यमा क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय विधिको समुचित उपयोग गरिएको छ ।

### जनसङ्ख्या

प्रस्तुत शोधकार्यको जनसङ्ख्या भन्नाले कक्षा आठमा पढ्ने विद्यार्थीहरूलाई बुझिन्छ । यहाँ झापा जिल्लाभरिका कक्षा आठमा अध्ययनरत विद्यार्थीको तथ्याङ्क सङ्कलन तथा अध्ययन गर्न सम्भव नहुने हुँदा निश्चित विद्यालयमा अध्ययन गर्ने कक्षा आठमा अध्ययनरत विद्यार्थीलाई लिएर अध्ययन गरिएको छ ।

### नमुना जनसङ्ख्या

यो अनुसन्धानका लागि प्रतिनिधिका रूपमा मेचीनगर नगरपालिकाका श्री भानु आधारभूत विद्यालय, मेचीनगर, श्री धुलाबारी मा.वि., धुलाबारी, श्री महारानीगञ्ज मा.वि., अर्जुनधारा, दन्तकाली बोर्डिङ स्कुल, मेचीनगर, सरस्वती शिक्षा सदन, मेचीनगर, मेची मोडल एकाडेमी, मेचीनगरलाई अनुसन्धान क्षेत्र कायम गरी सो अन्तर्गत छात्रा-छात्र गरी जम्मा ६० जना विद्यार्थीबाट प्राप्त तथ्याङ्कमा केन्द्रित रहेको छ ।

### तथ्याङ्कका स्रोतहरू

अध्ययनको मुख्य एवम् जटिल पक्षको रूपमा तथ्याङ्क सङ्कलन कार्यलाई लिइन्छ । अध्ययनलाई विश्वसनिय तथा उद्देश्यमूलक बनाउने कार्यमा तथ्यमा आधारित तथ्याङ्कले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । उक्त कुरालाई मनन गरी प्रस्तुत अध्ययनको क्रममा प्राथमिक र द्वितीय स्रोतको तथ्याङ्क प्रयोग गरिएको छ ।

#### प्राथमिक स्रोत

प्रस्तुत अध्ययनको लागि प्राथमिक स्रोतका तथ्याङ्क सङ्कलन गर्न विद्यार्थीहरूलाई सस्वरवाचन गर्न लगाइ अवलोकन, प्रयोगात्मक परीक्षण जस्ता साधनहरूको सहयोग लिइएको छ ।

**द्वितीयक स्रोत**

प्रस्तुत अध्ययनका द्वितीयक स्रोतको रूपमा पुराना शोधपत्र, लेखरचना एवम् पुस्तकहरूको अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## तथ्याङ्क सङ्कलन विधि

अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा अध्ययन क्षेत्रमा शोधकर्ता स्वयम् उपस्थित भई प्रत्यक्ष सम्पर्क र भेटघाट गरिएको छ । अध्ययनको विषयवस्तु र औचित्यका बारेमा स्पष्ट पारी आफ्नो धारणा र आफूले प्राप्त गरेको जानकारी प्रदान गरिदिन सम्बन्धित विद्यालयका विषय शिक्षक, विज्ञ आदिसँग आग्रह गरी विचार सङ्कलन गरिएको छ । नमुना जनसङ्ख्यालाई पाठ्यपुस्तकको पाठहरूका केही अनुच्छेदहरू वाचन गराइ प्रयोगात्मक रूपमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

## तथ्याङ्क विश्लेषण प्रक्रिया

कुनै पनि अनुसन्धानमा तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ । यसमा पनि विद्यार्थीबाट प्राप्त नतिजालाई विश्लेषण गर्नुपर्ने हुन्छ । प्रस्तुत अध्ययनको शीर्षक पठनसँग सम्बन्धित भएकाले यसमा तथ्याङ्क सङ्कलनका क्रममा विद्यार्थीहरूको सस्वरपठनको स्थिति के कस्तो रह्यो भन्ने कुरा वर्णनात्मक विधिबाट विभिन्न शीर्षक अनुसारको अति राम्रो, राम्रो, मध्यम, सामान्य र निम्न भनी व्याख्या, विश्लेषण गरिएको छ । जसमा अति राम्रो ८० देखि १०० सम्म, राम्रो ६० देखि ८० सम्म, मध्यम ४१ देखि ६०, सामान्य २१ देखि ४० र निम्न ० देखि २० सम्मलाई आधारमानी सरकारी र संस्थागत विद्यालयको छुट्टाछुट्टै व्याख्या तथा विश्लेषण गरिएको छ । व्याख्या तथा विश्लेषणका लागि वर्णनात्मक विधि प्रयोग गरिएका छन् । अन्त्यमा निष्कर्ष निकाली सोही आधारमा सुझावहरू समेत प्रस्तुत गरिएको छ । सस्वरपठन सम्बन्धी सिद्धान्त र यसका विभिन्न आधारहरूलाई उल्लेख गर्दै प्रत्येक शीर्षक तथा उपशीर्षक राखी व्याख्या तथा विश्लेषण गरी प्रतिशत समेत निकालिएको छ ।

# अध्याय चार

## सस्वरवपठन क्षमताको समग्र विश्लेषण

### परिचय

सस्वरवपठन भाषिक सीपहरूमध्येको अति महत्त्वपूर्ण सीप हो। यसको अभावमा भाषा सिकाइका अन्य सीपहरू प्रभावकारी रूपमा अघि बढाउन सकिँदैन। भाषा सिकाइको यो प्रारम्भिक र महत्वपूर्ण चरण भएकाले भाषा सिकाइका अन्य सीप विकासमा यसको महत्वपूर्ण भूमिका रहने कुरालाई नकार्न सकिँदैन। सस्वरवपठनका क्रममा सही ढङ्गले पठन क्षमतालाई अगाडि बढाउन नसक्नुका विभिन्न कारणले गर्दा पठनमात्र होइन श्रवण र बोधमा समेत नकारात्मक प्रभाव पर्ने हुँदा भाषिक सीप विकासका लागि सस्वरपठनको उच्च भूमिका रहने कुरा गर्दा श्रोता र पाठक दुवैलाई प्रभाव पर्ने हुँदा सस्वरवाचनमा पाठकले विशेष ध्यान दिनु जरूरी छ। पठन गरिएको कुरा श्रोताले सुनेनन् वा सुनेर पनि बुझेनन् भने सस्वरपठनको उद्देश्य पूरा हुन सक्दैन त्यसैले यी विविध कुरालाई मध्यनजर गर्दै यसमा कक्षा सात र आठका नेपाली किताबबाट केही कथा, कविता, निबन्ध, जीवनीबाट सस्वरवाचनका विषय बस्तुलाई छनोट गरी अध्ययन गर्ने प्रयास गरिएको छ।

प्रस्तुत शीर्षकमा दिइएका सस्वरपठनका विभिन्न आधारहरू (गति-यति, हाउभाउ, चिह्न प्रयोग, स्वरप्रसारण, भावाभिव्यक्ति, बोधगम्यता) आदिलाई छुट्टाछुट्टै तालिका तयार गरी सस्वरवपठनका विभिन्न आधारहरू अति राम्रो, राम्रो, मध्यम, सामान्य र निम्नका रूपमा छुट्टाछुट्टै विद्यार्थी सङ्ख्या र प्रतिशतमा देखाइएको छ। यिनीहरूको विश्लेषण यसप्रकार छ।

### गति-यतिका दृष्टिले सस्वरपठनको विश्लेषण

गति-यति सस्वरपठनको महत्त्वपूर्ण अङ्ग हो हरेक विधालाई विधाको मर्मअनुसार मन्द र द्रुत स्तरमा पढ्नु तथा प्रत्येक पद पदावली, उपवाक्य र वाक्यको बीचमा विश्राम दिई सस्वरपठन गर्नु पठनको गति र यति जस्ता अङ्गहरू हुन्छ। सस्वरसम्बन्धी गति र यतिको तालिकालाई यसप्रकार देखाउने प्रयास गरिएको छ।

तालिका सङ्ख्या १

गति-यतिका दृष्टिले सस्वरपठन क्षमता

| क्र.सं. | स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अति राम्रो | २ | ३ |
| २ | राम्रो | १२ | २० |
| ३ | मध्यम | २४ | ४० |
| ४ | सामान्य | १८ | ३० |
| ५ | निम्न | ४ | ७ |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

उक्त तालिका गति-यतिसम्बन्धी अध्ययनलाई पाँच स्तरमा विभाजन गरी सङ्ख्यात्मक रूपमा विद्यार्थी सङ्ख्या र प्रतिशतका आधारमा देखाइएको छ जसमा तीन सरकारी र तीन निजी विद्यालयका विद्यार्थीहरूमध्ये अति राम्रा श्रेणीमा २ जना (३ प्रतिशत) राम्रा श्रेणीमा १२ जना (२० प्रतिशत), मध्यम श्रेणीमा २४ जना (४० प्रतिशत), सामान्य श्रेणीमा १८ (३० प्रतिशत) र निम्न श्रेणीमा ४ जना (७ प्रतिशत रहेको पाइयो ।

उक्त तथ्याङ्कलाई हेर्दा झापा जिल्लाका सरकारी र निजी दुवै थरी विद्यालयतर्फ विद्यार्थीहरूको सस्वरवाचन क्षमताको स्तर अति राम्रो र राम्रोमा विद्यार्थीहरूको स्तर सवल नै देखिन्छ। त्यस्तै मध्यम स्तरका विद्यार्थीहरूको सङ्ख्या अधिक देखिन्छ। यसरी हेर्दा सामान्य स्तरमा पनि विद्यार्थीको सङ्ख्या उल्लेखनीय रहे तापनि न्यून स्तरमा अत्यन्त कम विद्यार्थी सङ्ख्या देखिँदा उक्त स्कुलहरूको अवस्था गति-यतिका दृष्टिले सन्तोषजनक मान्नुपर्ने अवस्थामाथिको आँकडाबाट स्पष्ट हुन्छ ।

## सस्वरपठनमा हाउभाउ सम्बन्धी विश्लेषण

हाउभाउ पनि सस्वरपठनको महत्त्वपूर्ण अङ्ग हो । वाचनलाई प्रभावकारी र अर्थपूर्ण बनाउनुका साथै उद्देश्यलाई स्पष्ट पार्न यसको महत्त्वपूर्ण भूमिका रहन्छ त्यसैगरी लिखित सामग्रीलाई सजीवता प्रदान गर्दै सस्वरपठननको वास्तविक मर्म पक्रनको लागि पनि

सस्वरवाचनमा हाउभाउको पनि महत्वपूर्ण भूमिका हुन्छ। सस्वरपठनसम्बन्धी हाउभाउको तथ्याङ्कलाई यसप्रकार देखाइएको छ।

तालिका सङ्ख्या २

हाउभाउका दृष्टिले सस्वरपठन क्षमता

| क.सं. | स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अति राम्रो | ४ | ६ |
| २ | राम्रो | २१ | ३६ |
| ३ | मध्यम | २२ | ३७ |
| ४ | सामान्य | ९ | १५ |
| ५ | निम्न | ४ | ६ |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिकाबाट झापा जिल्लाका कक्षा सात उत्तीर्ण विद्यार्थीहरूको हाउभाउ सम्बन्धी अवस्थाहरूको यथार्थ जानकारी पाउन सकिन्छ। यसमा सरकारी निजी दुवै विद्यालय तर्फ अति राम्रो श्रेणीमा कम विद्यार्थी सङ्ख्या रहेको देखिन्छ भने राम्रोमा अत्यधिक विद्यार्थीहरूको सङ्ख्या देखिन्छ यो आफैमा सकारात्मक पक्ष हो। त्यसैगरी मध्यम श्रेणीका विद्यार्थीहरूको स्थिति राम्रोको तुलनामा केही न्यून रहे पनि यसलाई उत्साहजनक नै मान्नुपर्छ भने सामान्य र निम्नमा क्रमशः विद्यार्थीको सङ्ख्या निम्नमा कम हुँदै जानुले हाउभाउमा विद्यार्थीको सकारात्मक आँकडालाई तालिका मार्फत पुष्टि गर्न सकिन्छ।

**चिह्न प्रयोगका दृष्टिले सस्वरपठन**

सस्वरपठनमा सर्वाधिक महत्त्व राख्ने तत्वहरूमध्ये चिह्न प्रयोग पनि एक महत्त्वपूर्ण तत्त्व हो। यसको अभावमा भाषिक उद्देश्य प्रष्ट नहुनु पनि सक्छ। चिन्ह प्रयोगका कारणले एउटै शब्द उपवाक्य र वाक्यले पनि फरक-फरक अर्थ र अभिप्राय व्यक्त गर्न सक्छन्। त्यसैले सस्वरपठनमा चिह्नप्रयोगको ठूलो भूमिका रहन्छ। चिन्हप्रयोग सम्बन्धी स्तरलाई तालिकाद्वारा देखाइन्छ।

तालिका सङ्ख्या ३

हाउभाउ सम्बन्धी विश्लेषण

| क.सं. | स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अति राम्रो | ३ | ५ |
| २ | राम्रो | २२ | ३७ |
| ३ | मध्यम | १७ | २८ |
| ४ | सामान्य | १० | १६ |
| ५ | निम्न | ८ | १४ |
| | जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको चिह्न प्रयोग सम्बन्धी अध्ययनबाट झापा जिल्लामा अध्ययनरत कक्षा सात उत्तीर्ण ६० जना विद्यार्थीहरूमध्ये अति राम्रो श्रेणीमा ५ प्रतिशत, राम्रो श्रेणीमा ३७ प्रतिशत, मध्यम श्रेणीमा २८ प्रतिशत, सामान्य श्रेणीमा १६ प्रतिशत र निम्न श्रेणीमा १४ प्रतिशत रहेको छ। उक्त माथिको आँकडाअनुसार सरकारी र निजी दुवैतर्फ अति राम्रो श्रेणीमा विद्यार्थी सङ्ख्या कम रहेको पाइयो तर राम्रो श्रेणीमा भने सबैभन्दा बढी विद्यार्थी सङ्ख्या देखिएकोले अति राम्रो र राम्रोमा व्यापक भिन्नता देखियो। त्यस्तै मध्यम श्रेणीमा राम्रो श्रेणीको तुलनामा केही कम विद्यार्थीहरूको उपस्थिति देखिनुले र निम्नमा पनि दुवैतर्फका विद्यालयहरूको विद्यार्थीको सङ्ख्या रहनुले चिह्न प्रयोग सम्बन्धी विद्यार्थीहरूको क्षमता कमजोरसमेत रहेको कुरालाई नकार्न नसक्नुका साथै अति राम्रो र राम्रोमा समेत विद्यार्थीहरूको उल्लेख्य उपस्थिति देखिनुले सन्तोषजनक नै मान्नुपर्ने देखिन्छ।

## स्वरप्रसारणका दृष्टिले सस्वरपठन

स्वरप्रसारण अन्तर्गत पर्ने सुर, लय, आघात आदि सस्वरवाचन शिक्षणअन्तर्गत पर्ने महत्वपूर्ण आधार हो। जसअन्तर्गत पढाइको मौनता र द्रुतता, विरामहरू आदिको सही प्रयोग र परिचालनबाट नै सस्वर प्रयोगको आधार तयार हुन्छ। सस्वरप्रसारणलाई सस्वरवाचनका क्रममा स्थान दिन नसकेमा विधाअनुसार सस्वरवाचन हुन नसक्नुका साथै

सस्वरवाचनको प्रभावकारिता समेत सुरक्षित रहन सक्दैन। त्यसैले सस्वरवाचनमा स्वरप्रसारणसम्बन्धी आँकडालाई यहाँ प्रस्तुत गरिएको छ।

तालिका सङ्ख्या ४

स्वरप्रसारणका दृष्टिले सस्वरपठन क्षमता

| क.सं. | स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अति राम्रो | ३ | ५ |
| २ | राम्रो | २३ | ३८ |
| ३ | मध्यम | १६ | २७ |
| ४ | सामान्य | १६ | २७ |
| ५ | निम्न | २ | ३ |
| | जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिका अनुसार ६० जना विद्यार्थीको परीक्षणमा गरिएको अध्ययनअनुसार अति राम्रो श्रेणीमा ५ प्रतिशत, राम्रो श्रेणीमा ३८ प्रतिशत, मध्यम श्रेणीमा २७ प्रतिशत, सामान्य श्रेणीमा २७ प्रतिशत र निम्न श्रेणीमा ३ प्रतिशत रहेको छ। उल्लेखित तालिकाबाट हेर्दा के पत्ता लगाउन सकिन्छ भने राम्रो र मध्यममा लगभग हाराहारी सङ्ख्यामा विद्यार्थीको सङ्ख्या देखिँदा धेरै राम्रोभन्दा पनि स्वरप्रसारणका दृष्टिले सामान्य स्तरका विद्यार्थीको सङ्ख्या अधिक रहेको तथ्यलाई प्रष्ट्याउँछ। त्यसैगरी सामान्यमा केही न्यून विद्यार्थी देखिए पनि यो स्तरमा समेत विद्यार्थीको उपस्थिति पाइयो भने निम्नमा अतिकम मात्र विद्यार्थीको सङ्ख्या देखिनुले स्वप्रसारण सम्बन्धी विद्यार्थीको अवस्था सन्तोषपूर्ण नै मान्नुपर्छ।

**भावाभिव्यक्तिका दृष्टिले सस्वरपठन**

सस्वरपठनका विभिन्न आधारहरूमध्ये भावाभिव्यक्ति पनि एक महत्वपूर्ण तत्व हो। विधाअनुसार भाव र मर्मलाई तल, माथी नगरि वा नगराई सस्वरवाचन गर्नुसँग यसको सम्बन्ध रहेको हुन्छ।

मनोरञ्जनात्मक विषयवस्तु र संवेदनशील बनाउने खालको विषयवस्तुलाई त्यही ढङ्गले सस्वरवाचन गर्न सकियो भने मात्र विषयवस्तुको सार्थकता कायम रहनुका साथै वाचक र

सुन्ने स्रोतालाई समेत ग्राह्य भई सस्वरवाचनको प्रयोजन लक्ष्योन्मुख हुन जान्छ। सस्वरवाचनमा भावाभिव्यक्तिको अध्ययन निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका सङ्ख्या ५

भावाभिव्यक्तिका दृष्टिले सस्वरपठन क्षमता

| क.सं. | स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अति राम्रो | २ | ४ |
| २ | राम्रो | १७ | २८ |
| ३ | मध्यम | २१ | ३५ |
| ४ | सामान्य | १७ | २८ |
| ५ | निम्न | ३ | ५ |
| | जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

प्रस्तुत माथिको तालिकाअनुसार भावाभिव्यक्ति सम्बन्धी अध्ययनमा लिइएका ६० जना विद्यार्थीहरूमध्ये अति राम्रो २ जना (४ प्रतिशत), राम्रो श्रेणीमा १७ जना (२८ प्रतिशत), मध्यम श्रेणीमा २१ जना (३५ प्रतिशत), सामान्य श्रेणीमा १७ जना (२८ प्रतिशत) र निम्न श्रेणीमा ३ जना (५ प्रतिशत) रहेको पाइन्छ। यसरी उक्त तालिकाबाट झापा जिल्लाका विद्यार्थीहरूको सस्वरपठनसम्बन्धी क्षमतालाई बुझ्न सकिन्छ। जसमा अति राम्रो श्रेणीमा अत्यन्त न्यून अवस्था रहेको छ भने राम्रो श्रेणीमा अति राम्रो भन्दा धेरै विद्यार्थीको स्तर पाइयो। त्यसैगरी मध्यम श्रेणीमा सबैभन्दा बढी विद्यार्थी सङ्ख्या देखिन्छ भने मध्यममा भन्दा आधाभन्दा पनि कम देखिन्छ। त्यस्तै निम्न श्रेणीका एकदमै कम विद्यार्थी सङ्ख्या रहेको तालिकाबाट प्रष्ट हुन्छ। यसका आधारमा सस्वरपठनसम्बन्धी भावाभिव्यक्तिको अवस्था सन्तोषजनक नै मान्नुपर्ने देखिन्छ।

## बोधगम्यताका दृष्टिले सस्वरपठन क्षमता

बोध सस्वरपठनको मुटु हो । सस्वरपठनका विभिन्न कार्यकलापहरूमा भाववोधको समेत अपेक्षा गरिएको हुँदा बोधविनाको सस्वरपठन प्राणविनाको शरीर जस्तै हुन्छ । त्यसैले शब्दोच्चारण वाक्य प्रयोग र सङ्गति अनुसारको वाचनमा बोधगम्यताको महत्वपूर्ण स्थान हुन्छ । यस्तो महत्व राख्ने बोधगम्यताको आँकडालाई तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

तालिका सङ्ख्या ६

बोधगम्यताको दृष्टिले सस्वर पठन क्षमता

| क्र.सं. | स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अति राम्रो | ४ | ७ |
| २ | राम्रो | १६ | २७ |
| ३ | मध्यम | १७ | २८ |
| ४ | सामान्य | १६ | २७ |
| ५ | निम्न | ७ | ११ |
| | जम्मा | ६० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०७४

माथिको आँकडाअनुसार बोधगम्यता सम्बन्धी अध्ययनमा ६० जना विद्यार्थीहरूमध्ये निम्नानुसारको नतिजा प्राप्त भयो । जसमा अति राम्रो श्रेणीमा ४ जना (७ प्रतिशत), राम्रो श्रेणीमा १६ जना (२७ प्रतिशत), मध्यम श्रेणीमा १७ जना (२८ प्रतिशत), सामान्य श्रेणीमा १६ जना (२७ प्रतिशत), र निम्न श्रेणीमा ७ जना (११ प्रतिशत) रहेको देखिन्छ । माथिको तथ्याङ्कलाई हेर्दा झापा जिल्लाका कक्षा सात उत्तीर्ण विद्यार्थीहरूको बोधगम्यतासम्बन्धी अध्ययनको सूक्ष्म विश्लेषण गर्न सकिन्छ । जसमा अति राम्रो श्रेणीमा न्यून सङ्ख्यामा विद्यार्थीको प्रस्तुति पाइन्छ भने राम्रो स्तरमा सबैभन्दा बढी विद्यार्थीको सङ्ख्या देखिन्छ । यी अवस्था उत्साहजनक रहेको छ । त्यसैगरी मध्यम स्तरमा समेत विद्यार्थीहरूको उल्लेखनीय सङ्ख्या रहेको छ । सामान्य स्तरमा केही कम सङ्ख्या र निम्न स्तरमा अति राम्रोभन्दा बढी विद्यार्थी सङ्ख्या रहनुले केही नराम्रो अवस्था देखिए पनि राम्रो स्तरमा अत्यधिक सङ्ख्यामा

पाइनुले थप उत्साह प्रदान गरेको छ। जोसुकै भए तापनि समग्र नतिजालाई सन्तोषजनक नै मान्नुपर्छ।

**नेपाली पहिलो भाषाभाषी र नेपाली दोस्रो भाषाभाषी विद्यार्थीबीच तुलनात्मक अध्ययन**

यस शीर्षक अर्न्तगत झापा जिल्लाका सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरू पहिलो भाषी र दोस्रो भाषी पृष्ठभूमिका आधारमा भाषिक सीपका विभिन्न तत्वहरूका बीच तुलनात्मक अध्ययन गर्ने प्रयास गरिएको छ।

**गति-यति**

यस शीर्षकमा पहिलो भाषाभाषी र दोस्रो भाषाभाषीबीच गति-यति सम्बन्धी अध्ययन गरिएको छ। जसका आधारमा विभिन्न विद्यालयहरूका पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूबीचको स्तर र भिन्नताको पहिचान गर्ने प्रयास गरिएको छ। यसका अतिरिक्त नेपाली भाषा बाहेक मातृभाषा बोल्नेहरूका नेपाली भाषाको अध्ययनका क्रममा देखिएका समस्याहरूका आधारमा समेत विश्लेषण गर्ने आधार तयार गरिएको छ।

तालिका सङ्ख्या ७

गति-यतिमा तुलनात्मक अध्ययन

| क्र.सं. | स्तर | पहिलो भाषी | | दोस्रो भाषी | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| १ | अति राम्रो | ७ | २३ | २ | ७ |
| २ | राम्रो | १४ | ४७ | ५ | १७ |
| ३ | मध्यम | ५ | १७ | ७ | २३ |
| ४ | सामान्य | ४ | १३ | १४ | ४७ |
| ५ | निम्न | ० | ० | २ | ६ |
| | जम्मा | ३० | १०० | ३० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०७४

प्रस्तुत माथिको तालिकाअनुसार पहिलो भाषाभाषी र दोस्रो भाषाभाषी विद्यार्थीबीचको गति-यतिसम्बन्धी तुलना गर्न सकिन्छ। जसमा रहेका विभिन्न स्तरहरूमध्ये पहिलो भाषाभाषीतर्फ

अति राम्रो श्रेणीमा ७ जना (२३ प्रतिशत), राम्रो श्रेणीमा १४ जना (४७ प्रतिशत), मध्यम श्रेणीमा ५ जना (१७ प्रतिशत), सामान्य श्रेणीमा ४ जना (१३ प्रतिशत) र निम्न श्रेणीमा शून्य स्थिति रहेको पाइयो । त्यसैगरी दोस्रो भाषाभाषीतर्फ अति राम्रो श्रेणीमा २ जना (७ प्रतिशत), राम्रो श्रेणीमा ५ जना (१७ प्रतिशत), मध्यम श्रेणीमा ७ जना (२३ प्रतिशत), सामान्य श्रेणीमा १४ जना (४७ प्रतिशत) र निम्न श्रेणीमा २ जना (६ प्रतिशत) रहेको पाइन्छ ।

माथिको तालिकालाई अध्ययन गर्दा गति-यतिसम्बन्धी विभिन्न आँकडा प्राप्त भयो जसमा अति राम्रो श्रेणीमा दोस्रो भाषीको तुलनामा पहिलो भाषीको गति-यतिसम्बन्धी अवस्था दोब्बर भन्दा पनि बढी राम्रो पाइयो । यसमा राम्रो श्रेणीमा पनि दोस्रो भाषी विद्यार्थीहरूको भन्दा पहिलो भाषी विद्यार्थीहरूको स्तर धेरै राम्रो पाइयो । त्यसैगरी मध्यम श्रेणीमा भने पहिलो भाषाभाषीका विद्यार्थीहरूको तुलनामा दोस्रो भाषाभाषीको सङ्ख्या केही बढी देखियो । त्यस्तै सामान्यमा दोस्रो भाषाभाषीका विद्यार्थीको सङ्ख्या बढी रहेको देखिन्छ भने निम्नमा पहिलो भाषी विद्यार्थीको सङ्ख्या शून्य र दोस्रो भाषी विद्यार्थीको सङ्ख्या २ रहेकोले माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा सिधै के भन्न सकिन्छ भने भाषाभाषीका आधारमा तुलना गर्दा पहिलो भाषी विद्यार्थीको अवस्था र स्तर धेरै अग्रस्थानमा रहेको पाइन्छ किनकि अति राम्रो र राम्रो स्तरमा दोस्रो भाषीका तुलनामा पहिलो भाषी विद्यार्थीको सङ्ख्या धेरै नै बढी रहेको देखिन्छ ।

### हाउभाउ

यस शीर्षकअन्तर्गत पहिलो भाषाभाषी विद्यार्थी र दोस्रो भाषाभाषी विद्यार्थीबीच सस्वरवाचनमा हाउभाउको स्थिति तुलनात्मक रूपमा कस्तो छ भन्ने कुराको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा विभिन्न श्रेणीमा विभाजन गरी अभिनय तथा अङ्ग सञ्चालनमा विद्यार्थीको अवस्था के-कस्तो छ ? पठनमा के-कस्तो हाउभाउ देखिन्छ ? पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूको हाउभाउमा सुधार गर्न कतिको आवश्यक छ ? र उनीहरूलाई हाउभाउसहितको सस्वरवाचन गराउन कसरी सकिन्छ ? भन्ने कुराको समेत तलको आँकडाबाट आधार लिन सकिन्छ ।

तालिका सङ्ख्या ८

हाउभाउमा तुलनात्मक अवस्था

| क.सं. | स्तर | पहिलो भाषी | | दोस्रो भाषी | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| १ | अति राम्रो | ५ | १७ | २ | ७ |
| २ | राम्रो | १२ | ४० | ९ | ३० |
| ३ | मध्यम | १० | ३३ | १२ | ४० |
| ४ | सामान्य | १ | ३ | ६ | २० |
| ५ | निम्न | २ | ७ | १ | ३ |
| | जम्मा | ३० | १०० | ३० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०७४

माथिको तालिकालाई हेर्दा पहिलो भाषी र दोस्रोभाषी विद्यार्थीबीच हाउभाउसम्बन्धी रहेको अन्तरलाई उल्लेख गरिएको छ। सस्वरवाचनमा यहाँ पहिलोभाषी ३० जना र दोस्रो भाषी ३० जना छनोट गरिएको छ। यसमध्ये पहिलो भाषाभाषीतर्फ अति राम्रो श्रेणीमा ५ जना (१७ प्रतिशत), राम्रो श्रेणीमा १२ जना (४० प्रतिशत), मध्यम श्रेणीमा १० जना (३३ प्रतिशत), सामान्य श्रेणीमा १ जना (३ प्रतिशत) र निम्न श्रेणीमा २ (७ प्रतिशत) जना पाइयो। त्यसैगरी दोस्रो भाषाभाषीतर्फ अति राम्रो श्रेणीमा २ जना (७ प्रतिशत), राम्रो श्रेणीमा ९ जना (३० प्रतिशत), मध्यम श्रेणीमा १२ जना (४० प्रतिशत), सामान्य श्रेणीमा ६ जना (२० प्रतिशत) र निम्न श्रेणीमा १ जना (३ प्रतिशत) रहेको पाइन्छ।

हाउभाउसम्बन्धी तुलनात्मक अध्ययनलाई विश्लेषण गर्दा अति राम्रो श्रेणीमा दोस्रो भाषभाषी विद्यार्थीभन्दा पहिलो भाषभाषी विद्यार्थी अगाडि रहेको पाइयो त्यस्तै राम्रो श्रेणीमा पनि दोस्रो भाषाभाषीभन्दा पहिलो भाषी विद्यार्थीको सङ्ख्या अधिक छ। यसमा धेरै सङ्ख्याको अन्तर रहेको देखिन्छ। मध्यम श्रेणीमा भने पहिलो भाषीभन्दा दोस्रो भाषी विद्यार्थी सङ्ख्या अधिक देखियो त्यसैगरी सामान्यमा पहिलो भाषीभन्दा दोस्रो भाषीको सङ्ख्या अधिक देखिन्छ भने यसको ठिक विपरीत निम्नमा दोस्रो भाषीभन्दा पहिलो भाषी विद्यार्थी बढी देखिएकोले अनपेक्षित परिणाम देखिन्छ तापनि अति राम्रो तथा राम्रो जस्ता उच्च मानिएका श्रेणीहरूमा

पहिलो भाषी विद्यार्थीहरूको सङ्ख्यात्मक अधिकता देखिनुले हाउभाउसम्बन्धी तुलनात्मक अध्ययनमा पहिलो भाषी विद्यार्थीहरूको स्तर राम्रो देखिन्छ ।

**चिह्न प्रयोग**

झापा जिल्लाका पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीको चिह्न प्रयोग सम्बन्धी तुलनात्मक अध्ययन गर्ने सन्दर्भमा पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीको अवस्था के-कस्तो छ र उनीहरूको चिह्न प्रयोग सम्बन्धी विभिन्न अवस्थाहरूको यथार्थ जानकारीको लागि तलको तालिकालाई आधार बनाइएको छ ।

तालिका सङ्ख्या ९

चिह्न प्रयोग

| क.सं. | स्तर | पहिलो भाषी | | दोस्रो भाषी | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| १ | अति राम्रो | ३ | १० | १ | ३ |
| २ | राम्रो | १२ | ४० | ७ | २३ |
| ३ | मध्यम | १० | ३३ | १० | ३३ |
| ४ | सामान्य | ३ | १० | ७ | २३ |
| ५ | निम्न | २ | ७ | ५ | १८ |
| | जम्मा | ३० | १०० | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिकाअनुसार पहिलो भाषीभाषी र दोस्रो भाषाभाषी विद्यार्थीहरूमा सस्वरवाचन पठनमा चिह्न प्रयोगको अवस्थालाई स्पष्ट पार्ने काम भएको छ । जसमा पहिलो भाषाभाषी विद्यार्थीतर्फ हेर्दा अति राम्रो श्रेणीमा ३ जना (१० प्रतिशत), राम्रो श्रेणीमा १२ जना (४० प्रतिशत), मध्यम श्रेणीमा १० जना (३३ प्रतिशत), सामान्य श्रेणीमा ३ जना (१० प्रतिशत) र निम्न श्रेणीमा २ जना (७ प्रतिशत) पाइयो । त्यसैगरी दोस्रो भाषाभाषीतर्फ अति राम्रो श्रेणीमा १ जना (३ प्रतिशत), राम्रो श्रेणीमा ७ जना (२३ प्रतिशत), मध्यम श्रेणीमा १० जना (३३ प्रतिशत), सामान्य श्रेणीमा ७ जना (२३ प्रतिशत) र निम्न श्रेणीमा ५ जना (१८ प्रतिशत) रहेको पाइन्छ ।

माथिको आँकडालाई विश्लेषण गर्दा अति राम्रो श्रेणीमा दोस्रो भाषीभन्दा पहिलो भाषी विद्यार्थी सङ्ख्या अगाडि देखिन्छ त्यस्तै राम्रो श्रेणीमा पनि पहिलो भाषी दोस्रो भाषीभन्दा राम्रो देखिन्छ। तर मध्यम श्रेणीमा भने पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीबीच बराबर अवस्था देखिन्छ। यस्तो अवस्थालाई दोस्रो भाषी विद्याथीका लागि राम्रो मान्न सकिन्छ त्यस्तै सामान्य श्रेणीमा चिह्न प्रयोगको अवस्था पहिलो भाषी विद्यार्थी भन्दा दोस्रो भाषी विद्यार्थीमा अधिक देखिन्छ। त्यस्तै निम्न श्रेणीमा पहिलो भाषी विद्यार्थीको भन्दा दोस्रो भाषी विद्यार्थीको सङ्ख्या निकै बढी रहेको तथ्याङ्कलाई समग्रमा मूल्याङ्कन गर्दा सामान्यमा र निम्नमा दोस्रो भाषी विद्यार्थी सङ्ख्या अधिक रहेको भए तापनि यसलाई सकारात्मक आधार मान्न नसकिने कारणले गर्दा चिह्न प्रयोगको समग्र अवस्था पहिलो भाषाभाषी विद्यार्थीको भन्दा दोस्रो भाषाभाषी विद्यार्थीको अवस्था कमजोर रहेको पुष्टि हुन्छ।

**स्वर प्रसारण**

स्वरप्रसारण सस्वरवाचनको महत्वपूर्ण अङ्ग हो। तलको तालिकामा पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीको स्वरप्रसारण अन्तर्गत अवयवहरू सुर, लय, आघात, अनुतान, आरोह-अवरोह आदिमा विद्यार्थीहरूको विश्लेषण गरिएको छ। तलको तालिकामा स्वरप्रसारणको आँकडालाई हेरौँ।

तालिका सङ्ख्या १०

स्वरप्रसारण

| क.सं. | स्तर | पहिलो भाषी | | दोस्रो भाषी | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| १ | अति राम्रो | २ | ७ | १ | ३ |
| २ | राम्रो | १२ | ४० | ६ | १९ |
| ३ | मध्यम | ११ | ३६ | १० | ३४ |
| ४ | सामान्य | २ | ७ | १० | ३४ |
| ५ | निम्न | ३ | १० | ३ | १० |
| | जम्मा | ३० | १०० | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिकाअनुसार पहिलो भाषीभाषी ३० जना विद्यार्थीमा अति राम्रो श्रेणीमा २ जना (७ प्रतिशत), राम्रो श्रेणीमा १२ जना (४० प्रतिशत), मध्यम श्रेणीमा ११ जना (३६ प्रतिशत), सामान्य श्रेणीमा २ जना (७ प्रतिशत) र निम्न श्रेणीमा ३ जना (१० प्रतिशत) रहेको पाइयो । त्यसैगरी दोस्रो भाषीतर्फ अति राम्रो श्रेणीमा १ जना (३ प्रतिशत), राम्रो श्रेणीमा ६ जना (१९ प्रतिशत), मध्यम श्रेणीमा १० जना (३४ प्रतिशत), सामान्य श्रेणीमा १० जना (३४ प्रतिशत) र निम्न श्रेणीमा ३ जना (१० प्रतिशत) रहेको पाइयो ।

दुवै भाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययनलाई विश्लेषण गर्दा अति राम्रो श्रेणीमा दोस्रो भाषी विद्यार्थीको स्तर पहिलो भाषी विद्यार्थीको तुलनामा दोब्बरले कम छ त्यसैगरी राम्रो श्रेणीमा दोस्रो भाषीभन्दा पहिलो भाषी विद्यार्थीको स्तर अधिक सङ्ख्याले बढी देखिन्छ भने मध्यममा दोस्रो भाषी विद्यार्थीभन्दा पहिलो भाषी विद्यार्थीको स्वरप्रसारणको स्तर केही कम देखियो त्यसैगरी सामान्य र निम्नमा पहिलो भाषीभन्दा दोस्रो भाषी विद्यार्थीको सङ्ख्या अधिक पाइयो । यसरी माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा समग्र अध्ययनमा पहिलो भाषी विद्यार्थीहरूको स्तर निकै सुदृढ देखियो । उनीहरूले स्वरप्रसारणअन्तर्गत सुर, लय, आघात, अनुतान, आरोह-अवरोह आदिमा उच्च स्तर नदेखिए तापनि सन्तोषजनक रहेको पाइन्छ । तर दोस्रो भाषाभाषी विद्यार्थीले सुर, लय, आधात, अनुतान, आरोह-अवरोह आदिमा पहिलो भाषी विद्यार्थीले जस्तो दोस्रो भाषी विद्यार्थीले त्यति ख्याल गर्न नसकेको पाइन्छ । दोस्रो भाषी विद्यार्थीलाई आफ्नो मातृभाषाले नेपाली भाषाको उच्चारणमा प्रत्यक्ष प्रभाव पार्ने हुँदा सहज तरिकाले पठन नभएको पाइयो यसले गर्दा दोस्रो भाषाभाषी विद्यार्थी पहिलो भाषाभाषी विद्यार्थीभन्दा पछि परेको पाइन्छ ।

## भावाभिव्यक्ति

यस शीर्षकमा विद्यार्थीको भावाभिव्यक्ति सम्बन्धी अध्ययनमा विभिन्न स्तरहरू पाइयो जसअनुसार विद्यार्थीहरूले विभिन्न विधाहरू (कथा, कविता, निबन्ध, जीवनी) आदिको भाव र मर्म आदिलाई सन्तुलित राख्ने गरी गरिएको सस्वरवाचनको स्तरलाई तलको आँकडाबाट स्पष्ट पार्ने प्रयास गरिएको छ ।

तालिका सङ्ख्या ११

भावाभिव्यक्तिमा तुलनात्मक अध्ययन

| क्र.सं. | स्तर | पहिलो भाषी | | दोस्रो भाषी | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| १ | अति राम्रो | १ | ३ | ० | ० |
| २ | राम्रो | १५ | ५० | ३ | १० |
| ३ | मध्यम | ८ | २७ | ११ | ३७ |
| ४ | सामान्य | १ | ३ | १३ | ४३ |
| ५ | निम्न | ५ | १७ | ३ | १० |
| | जम्मा | ३० | १०० | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिकाअनुसार पहिलो भाषाभाषी र दोस्रो भाषाभाषी विद्यार्थीहरूबीचको तुलनात्मक अवस्था बताउन सकिन्छ। जसमा पहिलो भाषाभाषीतर्फ ३० जना र दोस्रो भाषाभाषीतर्फ पनि ३० जना विद्यार्थी रहेका छन्। यसमा पहिलो भाषाभाषीतर्फ अति राम्रो श्रेणीमा १ जना (३ प्रतिशत), राम्रो श्रेणीमा १५ जना (५० प्रतिशत), मध्यम श्रेणीमा ८ जना (२७ प्रतिशत), सामान्य श्रेणीमा १ जना (३ प्रतिशत) र निम्न श्रेणीमा ५ जना (१७ प्रतिशत) रहेको पाइयो भने दोस्रो भाषाभाषी विद्यार्थीतर्फ अति राम्रो श्रेणीमा शून्य स्थिति रहेको पाइयो । त्यसैगरी राम्रो श्रेणीमा ३ जना (१० प्रतिशत), मध्यम श्रेणीमा ११ जना (३७ प्रतिशत), सामान्य श्रेणीमा १३ जना (४३ प्रतिशत) र निम्न श्रेणीमा ३ जना (१० प्रतिशत) रहेको पाइयो ।

यसरी हेर्दा पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूतर्फ गरिएको अध्ययनमा अति राम्रो श्रेणीमा दोस्रो भाषीभन्दा पहिलो भाषी विद्यार्थीको सङ्ख्या अधिक रहेको पाइयो त्यस्तै राम्रो श्रेणीमा पनि दोस्रो भाषी विद्यार्थीको भन्दा पहिलो भाषी विद्यार्थीको अवस्था अगाडि रहेको पाइन्छ। त्यस्तै मध्यम श्रेणीमा पहिलो भाषी विद्यार्थीको भन्दा दोस्रो भाषी विद्यार्थीको सङ्ख्या अगाडि रहेको पाइन्छ त्यस्तै सामान्य श्रेणीमा पनि पहिलो भाषी विद्यार्थीको सङ्ख्या भन्दा दोस्रो भाषी विद्यार्थीको सङ्ख्या बढी नै देखियो। त्यस्तै निम्न श्रेणीमा दोस्रो भाषी

विद्यार्थीको सङ्ख्याभन्दा पहिलो भाषी विद्यार्थीको भावाभिव्यक्तिको अवस्था राम्रो देखिन्छ। यसरी समग्र अध्ययनलाई हेर्दा अति राम्रो, राम्रो र निम्न श्रेणीमा दोस्रो भाषी विद्यार्थीभन्दा पहिलो भाषी विद्यार्थीको अवस्था राम्रो पाइयो भने मध्यम र सामान्य श्रेणीमा भने पहिलो भाषी विद्यार्थीको अवस्था दोस्रो भाषी विद्यार्थीको अवस्थाभन्दा राम्रो पाइयो।

## बोधगम्यता

यस शीर्षकमा झापा जिल्लाको सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको पहिलो भाषी र दोस्रो भाषीसम्बन्धी अध्ययनका क्रममा विद्यार्थीबीच बोधगम्यता सम्बन्धी तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ। उनीहरूले सस्वरपठनका क्रममा पढेका कुराहरूलाई कतिसम्म बोध गर्न सफल भए वा भएनन् भनी अध्ययन गरिएको छ। त्यस्तै उनीहरूले आफूले पढेका कुराहरू अरूलाई बुझाउन कतिसम्म सके वा सकेनन् भनी यसमा तुलना गरिएको छ। यसरी अध्ययनका लागि विभिन्न स्तर वा श्रेणी विभाजन गरी तुलना गरिएको छ जसलाई तलको तालिकामा देखाइएको छ।

तालिका सङ्ख्या १२

बोधगम्यतासम्बन्धी तुलनात्मक अध्ययन

| क.सं. | स्तर | पहिलो भाषी | | दोस्रो भाषी | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| १ | अति राम्रो | २ | ७ | ० | ० |
| २ | राम्रो | १३ | ४३ | ६ | २० |
| ३ | मध्यम | १० | ३३ | १० | ३३ |
| ४ | सामान्य | २ | ७ | १३ | ४३ |
| ५ | निम्न | ३ | १० | १ | ४ |
| | जम्मा | ३० | १०० | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७४

माथिको तालिका अनुसार पहिलो भाषाभाषी ३० जना विद्यार्थीमा अति राम्रो श्रेणीमा २ जना (७ प्रतिशत), राम्रो श्रेणीमा १३ जना (४३ प्रतिशत), मध्यम श्रेणीमा १० जना (३३ प्रतिशत), सामान्य श्रेणीमा २ जना (७ प्रतिशत) र निम्न श्रेणीमा ३ जना (१० प्रतिशत) रहेको पाइयो

त्यसैगरी दोस्रो भाषी विद्यार्थीतर्फ अति राम्रो श्रेणीमा शून्य स्थिति रहेको पाइयो त्यसैगरी राम्रो श्रेणीमा ६ जना (२० प्रतिशत), मध्यम श्रेणीमा १० जना (३३ प्रतिशत), सामान्य श्रेणीमा १३ जना (४३ प्रतिशत) र निम्न श्रेणीमा १ जना (४ प्रतिशत) रहेको पाइन्छ ।

पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीबीच गरिएको उक्त अनुसन्धानमा विभिन्न श्रेणीहरूमा विभिन्न अवस्थाहरू देखिए जसमध्येमा अति राम्रो श्रेणीमा दोस्रो भाषी विद्यार्थीभन्दा पहिलो भाषी विद्यार्थीको स्तर राम्रो देखियो त्यसैगरी राम्रो श्रेणीमा पनि दोस्रो भाषी विद्यार्थीको सङ्ख्या भन्दा पहिलो भाषी विद्यार्थीको सङ्ख्या उच्च देखिन्छ । यी दुवै अवस्थालाई हेर्दा पहिलो भाषी विद्यार्थीहरूको स्तर बोधगम्यतासम्बन्धी अध्ययनमा अनुकरणयोग्य पाइयो । तर मध्यम स्तरमा भने पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूको समान स्तर देखिएकोले यसमा दोस्रो भाषी विद्यार्थीको सवल पक्ष मान्न सकिन्छ । सामान्यमा दोस्रो भाषी विद्यार्थीहरूको वाहुल्यता पाइने र निम्नमा पहिलो भाषी विद्यार्थीको सङ्ख्या बढी देखिनुले बोधगम्यतासम्बन्धी विद्यार्थीको विविधतामा अनपेक्षित ढङ्गले परिणाम देखिएको छ । जे भए तापनि यसको समग्र अध्ययन विश्लेषण गर्दा अन्य पक्षहरू केही कमजोरजस्तो देखिएतापनि अति राम्रो र राम्रोमा दोस्रो भाषी भन्दा पहिलो भाषी विद्यार्थीहरूको वाहुल्यताले समष्टिगत स्तर पहिलो भाषी विद्यार्थीको पक्षमा उच्च रहेको पाइन्छ ।

माथिको आँकडालाई सरसर्ती मूल्याङ्कन गर्दा झापा जिल्लाका कक्षा सात उतीर्ण पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूमध्ये पहिलो भाषी विद्यार्थीको स्तर बलियो देखिन्छ । कतिपय अवस्थामा दोस्रो भाषी विद्यार्थीको स्तरलाई समेत उच्च नै मान्नुपर्छ । किनकि सवल भाषिक अभ्यास र अन्तरक्रियाको बलियो अबसर नपाएको अवस्थामा पनि दोस्रो भाषी विद्यार्थीहरूको बोधगम्यतासम्बन्धी अध्ययनको परिणामको अवस्था पूर्ण रूपमा सन्तोषजनक भने छैन । त्यस्तै धेरैजस्तो अवस्थामा पहिलो भाषिक विद्यार्थीहरूको स्तर अति राम्रो र राम्रो देखिए तापनि कतिपय तथ्याङ्कहरूमा निम्नस्तरमा समेत पहिलो भाषी विद्यार्थीको सङ्ख्या दोस्रो भाषीको भन्दा बढी देखिनुले पहिलो भाषी विद्यार्थीहरू धेरै सवल र धेरै कमजोर वा न्यून स्तरका समेत रहेकोले केही सुधार गर्नुपर्ने अवस्था रहँदा रहँदै पनि समग्र मूल्याङ्कनमा पहिलो भाषी विद्यार्थीहरूको स्तर दोस्रो भाषी विद्यार्थीको भन्दा उच्च रहेको विभिन्न आँकडाहरूका तथ्याङ्कहरूमार्फत स्पष्ट देख्न सकिन्छ ।

## सारांश

यस अध्ययनमा नतिजाको लागि प्रस्तुत गरिएका विविध विषयहरूको र सस्वरवाचनसँग सम्बन्धित र सस्वरवाचनलाई प्रत्यक्ष प्रभाव पार्ने विभिन्न तत्वहरू (गति-यति हाउभाउ, चिह्न प्रयोग, स्वरप्रसारण र बोधगम्यता जस्ता विविध पक्षहरूको आधारमा रहेर स्थलगत रूपमा विद्यार्थीहरूको समस्या, कमजोरी, सवल, दुर्वल र रचनात्मक पक्षलाई समेत नतिजा विश्लेषणका आधारमा अध्ययन गरियो ।

यसरी गरिएको अध्ययन बाट प्राप्त निष्कर्षका आधारमा के भन्न सकिन्छ भने सस्वरपठनका विभिन्न तत्वहरू अति राम्रो र अति निम्न स्तरमा तुलनात्मक रूपमा विद्यार्थी सङ्ख्या कम रहनु स्वभाविक थियो र यस्तै पनि देखियो तर अधिकांश विद्यालयको अध्ययनबाट राम्रो र मध्यम स्तरमा अत्यधिक विद्यार्थीहरूको सङ्ख्या देखिनुले सस्वरपठनको समग्र अध्ययन केही कमीकमजोरीका बावजुद पनि सन्तोषजनक र उत्साहपूर्ण देखिन्छ ।

# अध्याय : पाँच

## सारांश, निष्कर्ष र उपयोगिता

### सारांश

भाषा शिक्षणको चारओटा सीपहरूमध्ये सस्वरपठन प्रारम्भिक र महत्वपूर्ण सीप हो। सस्वरपठनमा तल्लो कक्षादेखि नै अभ्यास गराउँदै लैजान सकेमा विद्यार्थीमा रहेका सस्वरपठनसम्बन्धी विभिन्न समस्याहरू हटेर जानुका साथै पठन सीपमा समेत निपूर्णता प्राप्त हुन्छ। त्यसैगरी स्वरपठनमा पाठक र स्रोताबीच नजिकको सम्बन्ध रहने हुँदा पढ्नु र पढेको कुरालाई श्रोतासमक्ष बुझाउन सक्नु पनि सस्वरपठनको एउटा महत्वपूर्ण उपलब्धि नै हो। यसरी पठनका क्रममा पाठकले सस्वरपठनका विभिन्न तत्वहरू गति, यति, मुखमुद्रा, हाउभाउ, भावाभिव्यक्ति बोधगम्यताको राम्रो ख्याल गर्नुका साथै शब्द, अक्षर, पदावली र वाक्य शुद्ध र स्पष्टसँग पढ्नुसँग सस्वरवाचनको सम्बन्ध रहेको हुन्छ। कतिपय अवस्थामा विमातृभाषी प्रभाव र पृष्ठभूमिका कारणले पनि सस्वर पठनमा कठिनाइ उत्पन्न हुने गरेको छ। यसको समाधानको लागि सम्पर्क भाषाका रूपमा रहेको नेपाली भाषाको अभ्यास अन्तरक्रियाबाट व्यक्तिलाई निपूर्ण बनाउनु नै हो। त्यसैगरी अड्किएर बोल्ने, लाडिएर बोल्ने,ज्यादै थेगोको प्रयोग गर्ने, अकमकाएर बोल्ने, लजाएर बोल्ने, आरोह अवरोह र गति-यतिमा समेत ध्यान नदिइ पढ्ने जस्ता समस्याको समाधानका लागि समेत पूर्ण भाषिक अभ्यास र अन्तरक्रियाको आवश्यकता हुन्छ।

यस्ता विभिन्न तथ्यहरूका आधारमा माथिको अध्ययन विश्लेषणलाई प्रयोग गरिएको छ। अध्ययनकै क्रममा झापा जिल्लाका ६ वटा विद्यालयहरूमध्ये ३ निजी, ३ सरकारी गरी जम्मा ६ विद्यालय र ती प्रत्येक विद्यालयबाट ३०/३० जनाका दरले ६० जना विद्यार्थीहरूको परीक्षण गरी प्राप्त परिणामको आधारमा व्याख्या र विश्लेषण गरिएको छ। त्यस्तै अध्ययनका सन्दर्भमा सबै प्रकारका विद्यार्थीहरू जातजाति, भाषाभाषी, छात्रछात्रा आदिलाई लिइएको छ।

### निष्कर्ष

यस अध्ययनमा सस्वरपठनका महत्वपूर्ण आधारसम्बन्धी फारम तयार गर्दै विभिन्न स्तर विभाजन गरी प्रत्येक स्तरका विद्यार्थीहरूको वैयक्तिक विश्लेषण गरिएको छ। उक्त निष्कर्षहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

१. गतियति सम्बन्धी गरिएको विश्लेषणबाट कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वास्तविक पृष्ठभूमि यस प्रकार पाइयो । अति राम्रो श्रेणीमा ९ जना, राम्रो श्रेणीमा १९ जना, मध्यम श्रेणीमा १२ जना, सामान्य श्रेणीमा १८ जना, निम्नमा २ जना यसलाई हेर्दा सबैभन्दा बढी विद्यार्थी मध्यम श्रेणीमा र सबैभन्दा कम अति राम्रो श्रेणीमा रहेको पाइयो । यसरी हेर्दा राम्रो श्रेणीमा पनि उल्लेख्य विद्यार्थी सङ्ख्या रहेको पाइयो । सस्वरपठनमा गति-यतिको अवस्था सन्तोषजनक नै पाइयो । प.भा. र दो.भा. विद्यालयमा गरिएको अध्ययनमा समावेश गरिएको अध्ययनमा समावेश गरिएका ३०/३० जना विद्यार्थीमध्ये पहिलो भाषीतर्फ अति राम्रो श्रेणीमा ७ जना, राम्रो श्रेणीमा १४ जना, मध्यम श्रेणीमा ५ जना, सामान्य श्रेणीमा ४ जना र निम्न श्रेणीमा ० जना रहेका छन् । त्यस्तै दोसो भाषाभाषीमा अति राम्रोतर्फ २ जना, राम्रो श्रेणीतर्फ ५ जना, मध्यम श्रेणीमा ७ जना, सामान्य श्रेणीमा १४ जना र निम्न श्रेणीमा २ जना रहेको देखिन्छ । उक्त आँकडालाई मूल्याङ्कन गर्दा सवभन्दा बढी विद्यार्थी सामान्य श्रेणीमा र सबभन्दा कम अति राम्रो श्रेणीमा रहेको देखिन्छ । यसरी हेर्दा दोस्रो भाषी विद्यार्थीहरूको सस्वर वाचनको पृष्ठभूमि कमजोर नै देखिन्छ । त्यसको तुलनामा पहिलो भाषी विद्यार्थीहरूको अवस्था सवल र मजबुत देखिन्छ किनकि यसमा राम्रो श्रेणीमा सबभन्दा बढी विद्यार्थी र निम्न श्रेणीमा ० (शून्य) विद्यार्थी सङ्ख्या देखिन्छ । यसलाई माथिको तथ्याङ्कले स्पष्ट पारेको छ ।

२. हाउभाउ सम्बन्धी विश्लेषणमा झापा जिल्लाका कक्षा आठमा अध्ययनरत ३ सरकारी र ३ निजी विद्यालय गरी ६ विद्यालयबाट ६० जना विद्यार्थीहरूमा गरिएको अध्ययनमा अति राम्रो, राम्रो, मध्यम, सामान्य र निम्नमा प्राप्त तथ्याङ्कलाई यहाँ प्रस्तुत गरिन्छ । जसमा सरकारी र निजी विद्यालयमा गरिएको परीक्षणबाट निम्न आँकडालाई देखाइएको छ । जस अन्तर्गत अति राम्रो श्रेणीमा ४ जना, राम्रो श्रेणीमा २० जना, मध्यम श्रेणीमा २२ जना, सामान्यमा ९ जना र निम्नमा ४ जना विद्यार्थी सङ्ख्या पाइयो । यसलाई सरकारी र निजीतर्फ छुट्याउँदा सरकारी अन्तर्गत अति राम्रो ३ जना, राम्रोमा १० जना, मध्यम १२ जना, सामान्यमा ४ जना र निम्नमा ० जना पाइयो । त्यसैगरी निजी विद्यालयतर्फ अति राम्रो १ जना, राम्रो १० जना, मध्यममा १० जना, सामान्यमा ५ जना र निम्नमा ४ जना पाइयो । यसरी सरकारी र निजी विद्यालयको तुलना गर्दा हाउभाउ सम्बन्धी विद्यार्थीको लगभग समान क्षमता पाइयो । त्यस्तै पहिलो भाषी र दोस्रो भाषी

विद्यार्थीतर्फ अध्ययन गर्दा पहिलो भाषी अन्तर्गत अति राम्रो श्रेणीतर्फ ५ जना, राम्रो श्रेणीमा १२ जना, मध्यम श्रेणीमा १० जना, सामान्य श्रेणीमा १ जना र निम्नमा श्रेणीमा २ जना पाइयो भने दोस्रो भाषी तर्फ अति राम्रो श्रेणीमा २ जना, राम्रो श्रेणीमा ९ जना, मध्यम श्रेणीमा १२ जना, सामान्य श्रेणीमा ६ जना र निम्नमा १ जना पाइयो । यसरी माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा पहिलो भाषाभाषीभन्दा दोस्रो भाषाभाषीका विद्यार्थीहरूको हाउभाउ सम्बन्धी क्षमता राम्रो देखियो ।

३. झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सस्वरवाचनको क्रममा ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरूमा गरिएको अध्ययनबाट निम्नानुसारको नतिजा प्राप्त भयो जसअन्तर्गत अति राम्रो श्रेणीमा ३ जना, राम्रो श्रेणीमा २२ जना, मध्यम श्रेणीमा १७ जना, सामान्यमा १० जना र निम्नमा ८ जना पाइयो । यसबाट झापा जिल्लाका कक्षा सात उत्तीर्ण विद्यार्थीहरूको चिह्न प्रयोगको अवस्था सन्तोषजनक नै पाइन्छ । झापा जिल्लाका सरकारी विद्यालयतर्फ अति राम्रो श्रेणीमा २ जना, राम्रो श्रेणीमा १२ जना, मध्यम श्रेणीमा ८ जना, सामान्यमा ३ जना र निम्नमा ५ जना विद्यार्थी रहेको पाइन्छ । निजी विद्यालयतर्फ अति राम्रोमा १ जना, राम्रोमा १० जना, मध्यममा ९ जना, सामान्यमा ७ जना र निम्नमा ३ जना विद्यार्थी रहेको पाइन्छ । यसरी हेर्दा निजी विद्यालयभन्दा सरकारी विद्यालयका विद्यार्थीहहरूको स्तर राम्रो रहेको पाइन्छ । त्यसैगरी पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीकाबीच गरिएको अध्ययनबाट निम्न निष्कर्ष प्राप्त भयो । जसमा पहिलो भाषी अन्तर्गत अति राम्रोमा ३ जना, राम्रोमा १२ जना, मध्यममा १० जना, सामान्यमा ३ जना र निम्नमा २ जना रहेको पाइन्छ । त्यसैगरी दास्रो भाषी विद्यार्थीहरू माझ गरिएको परिक्षणमा अति राम्रो श्रेणीमा १ जना, राम्रो श्रेणीमा ७ जना, मध्यममा १० जना, सामान्यमा ७ जना र निम्नमा ५ जना विद्यार्थी रहेको पाइन्छ । यसरी पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीको स्तरलाई परीक्षण गर्दा अति राम्रोमा दोस्रो भाषीभन्दा पहिलो भाषी विद्यार्थी सङ्ख्या बढी देखिन्छ । अन्य स्तरमा केही भिन्नता रहे तापनि पहिलो भाषी विद्यार्थीको स्तर नै सवल देखिने अवस्था रह्यो ।

४. स्वरप्रसारण सम्बन्धी अध्ययनमा लिइएका ६० जना विद्यार्थीहरूमध्ये अति राम्रो श्रेणीमा ३ जना, राम्रो श्रेणीमा २३ जना, मध्यम श्रेणीमा १६ जना, सामान्य श्रेणीमा १६ जना र निम्न श्रेणीमा २ जना रहेको तथ्यलाई विचार गर्दा सस्वरपठनमा विद्यार्थीहरूको स्वरप्रसारणको अवस्थालाई सन्तोषजनक नै मान्नु पर्ने देखिन्छ । स्वरप्रसारण सम्बन्धी

अध्ययनलाई सरल र व्यवस्थित बनाउन सरकारी र निजी विद्यालयतर्फ छुट्टाछुट्टै अध्ययन गरिएको छ। जसको नतिजा सरकारी विद्यालयतर्फ यस प्रकार रहेको छ। अति राम्रो श्रेणीमा २ जना, राम्रो श्रेणीमा १५ जना, मध्यम श्रेणीमा ७ जना, सामान्यमा ४ जना र निम्नमा २ रहेको पाइन्छ। त्यसैगरी निजीतर्फ अति राम्रोमा १ जना, राम्रोमा ८ जना, मध्यममा ९ जना, सामान्यमा १२ जना र निम्नमा ० जना देखिन्छ। यसरी हेर्दा सरकारी विद्यालय र निजी विद्यालयमा सरकारी विद्यालयमा यस अवस्थालाई ठीक मान्नु पर्छ। यसैगरी पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूबीचको तुलनात्मक अध्ययनमा पहिलो भाषीतर्फ अति राम्रो श्रेणीमा २ जना, राम्रोमा १२ जना, मध्यममा ११ जना, सामान्यमा २ जना र निम्नमा ३ जना पाइयो भने दोस्रो भाषीतर्फ अति राम्रोमा १ जना, राम्रो ६ जना, मध्यममा १० जना, सामान्यमा १० जना र निम्नमा ३ जना विद्यार्थी सङ्ख्या रहेको पाइयो। उक्त तथ्यलाई हेर्दा पहिलो भाषी विद्यार्थीहरूको स्वरप्रसारणको अवस्थालाई केही सन्तोषजनक मान्न सकिए तापनि दोस्रो भाषी विद्यार्थीहरूको अवस्था कमजोर नै पाइयो।

५. भावाभिव्यक्तिसम्बन्धी गरिएको अध्ययनमा अति राम्रो श्रेणीमा २ जना, राम्रोमा १७ जना, मध्यममा २१ सामान्यमा १७ जना र निम्नमा ३ जना रहेका छन्। उक्त तथ्याङ्कलाई हेर्दा अति राम्रो श्रेणीमा सबभन्दा कम सङ्ख्यामा र मध्यम श्रेणीमा सबभन्दा बढी सङ्ख्यामा पाइयो। त्यसैले विधा अनुसार भावाभिव्यक्तिमा विद्यार्थीहरूको अवस्था कमजोर नै पाइयो। भावाभिव्यक्ति सम्बन्धी अध्ययन र सरकारी र निजी विद्यालयतर्फ छुट्टाछुट्टै अध्ययन गरियो जस अन्तर्गत सरकारी विद्यालमाय अति राम्रो श्रेणीमा १ जना, राम्रो श्रेणीमा १० जना, मध्यम श्रेणीमा १० सामान्यतया ७ जना र निम्नमा २ जना पाइयो। त्यसैगरी निजी विद्यालयतर्फ अति राम्रोतर्फ १ जना, राम्रोतर्फ ७ जना मध्यममा ११ जना सामान्यतया १० जना र निम्नमा १ जना पाइयो। यसरी माथिको आँकडालाई हेर्दा दुवै विद्यालयतर्फ त्यति राम्रो स्तर पाउन नसकिए तापनि यहाँ सरकारीभन्दा निजी विद्यालयको केही सबलता रहेकोले अनपेक्षित जस्तो परिणाम देखिन्छ। यसैगरी पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीमा भावाभिव्यक्ति सम्बन्धी गरिएको परीक्षणमा पहिलो भाषी विद्यार्थीमा अति राम्रोमा १ जना, राम्रो श्रेणीमा १५ जना, मध्यम श्रेणीमा ८ जना, सामान्यमा १ जना र निम्नमा ५ जना रहेको पाइयो । त्यसैगरी दोस्रो भाषी विद्यार्थीअन्तर्गत अति राम्रोमा शून्य र राम्रो श्रेणीमा ३ जना, मध्यम श्रेणीमा ११

जना, सामान्य श्रेणीमा १३ जना र निम्न श्रेणीमा ३ जना रहेको पाइयो। यसरी हेर्दा माथिको तथ्याङ्कले भावाभिव्यक्ति सम्बन्धी अध्ययनमा पहिलो भाषीभन्दा दोस्रो भाषी विद्यार्थीहरूको पृष्ठभूमि र अवस्था सवल र मजबुत रहेको देखिन्छ।

६. सस्वर पठनन सम्बन्धी अध्ययनमा विद्यार्थीहरूको बोधगम्यताको नतिजा अति राम्रो श्रेणीमा ४ जना, राम्रो श्रेणीमा १६ जना, मध्यम श्रेणीमा १७ जना, सामान्यतया १६ जना र निम्नमा ७ जना रहेको पाइयो। माथिको आँकडालाई सूक्ष्म रूपले मूल्याङ्कन गर्दा विद्यार्थीहरूको बोधगम्यता सम्बन्धी स्तर सन्तोषजनक पाइन्छ।

झापा जिल्लाका सरकारी र निजी विद्यालयमा अध्ययरत ६० जना विद्यार्थीहरूको स्तर सरकारी विद्यालयतर्फ अति राम्रो श्रेणीमा ३ जना, राम्रो श्रेणीमा १० जना, मध्यम श्रेणीमा ७ जना, सामान्य श्रेणीमा ६ जना र निम्न श्रेणीमा ४ जना छन् भने निजी विद्यालयतर्फ अति राम्रो श्रेणीतर्फ १ जना, राम्रो श्रेणीतर्फ ६ जना, मध्यम श्रेणीमा १० जना, सामान्य श्रेणीमा १० जना र निम्नमा ३ जना रहेको पाइयो। यसरी उक्त तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयभन्दा अगाडि रहेको पाइयो भने निजी विद्यालयका विद्यार्थीको अवस्था पनि सन्तोषजनक नै देखिन्छ। सस्वरपठन अन्तर्गत बोधगम्यता सम्बन्धी अध्ययनमा पहिलो भाषी विद्यार्थीको स्तर अति राम्रो श्रेणीमा २ जना, राम्रो श्रेणीमा १३ जना, मध्यम श्रेणीमा १० जना, सामान्य श्रेणीमा २ जना र निम्न श्रेणीमा ३ जना पाइन्छ भने दोस्रो भाषीतर्फ अति राम्रोतर्फ शून्य जना, राम्रो श्रेणीमा ६ जना, मध्यम श्रेणीमा १० जना सामान्य श्रेणीमा १३ जना र निम्न श्रेणीमा १ जना रहेको पाइन्छ। माथिको आँकडालाई हेर्दा पहिलो भाषी विद्यार्थीहरूको स्तर दोस्रो भाषी विद्यार्थीहरूको अवस्था सुधार गर्नुपर्ने देखियो।

## उपयोगिता र सुझावहरू

### उपयोगिता

झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन सस्वरपठन सम्बन्धीको महत्वपूर्ण अध्ययन रहेको छ। सस्वरपठन सम्बन्धी अध्ययन नभएको अवस्थामा यो अध्ययन पठन क्षमता सम्बन्धी अध्ययनको कोशेढुङ्गा सावित रहन सक्ने छ। अनुसन्धानरत विद्यार्थी, अनुसन्धानकर्ता, पाठ्यक्रम निर्माण, विद्यालय र विश्वविद्यालय आदि तहमा यो उपयोगी रहने छ। सम्बन्धित शीर्षकमा, सम्बन्धित तहमा नै पुगेर तथ्यपरक

रूपमा अनुसन्धान गरिएको छ। जसबाट बाँकी रहेको सस्वरपठनको खोज र अनुसन्धान गर्न यो उपयोगी रहेको छ।

झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन पश्चात् त्यहाँ देखिएका समस्याहरूलाई समाधान गर्नका लागि तीन तहमा सुझावहरू प्रस्तुत गर्न सकिन्छ :

**नीति निर्माण तह**

यसअन्तर्गत पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका सन्दर्भमा निम्न सुझावहरू दिन सकिन्छ :

क) सस्वरपठन, पठन कलाको विशिष्ट क्रियाकलाप भएकाले यसलाई भाषा पाठ्यक्रम र पाठ्यपुस्तकमा उचित स्थान दिनुपर्ने,

ख) उच्च शिक्षा अध्ययनरत विद्यार्थीका लागि उपयोगी पठन कला भएकाले माध्यमिक तहको पाठ्यक्रममा यसलाई समावेश गरिनु पर्ने,

ग) नेपाली भाषा शिक्षणमा पनि अङ्ग्रेजी भाषा शिक्षणमा झैँ प्रयोगात्मक परीक्षा निर्धारण गरी मूल्याङ्कन प्रणालीमा सुधार ल्याउनु पर्ने,

**कार्यान्वयन तह**

कार्यान्वयन तहअन्तर्गत निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

क) तल्लो तहका विद्यार्थीहरूलाई सस्वर पठनको सामान्य अवधारणा दिनुपर्ने देखिन्छ,

ख) नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरेका भाषिक सीप र क्रियाकलाप अक्षराशः पालना गर्नुपर्ने आवश्यक देखिन्छ,

ग) नेपाली शिक्षकले पाठ्यपुस्तकमा मात्र भर नपरी विभिन्न लेख रचना, पत्रपत्रिका जस्ता शैक्षिक सामग्रीका माध्यमबाट शिक्षण गर्नुपर्ने देखिन्छ,

घ) सस्वरपठनका क्रममा केही विशेष विद्यार्थीहरू पनि फेला परे पठनका क्रममा अक्मकाएर पढ्नु, औंलाले सङ्केत गरेर पढनु, दोहोऱ्याएर पढ्न जान्दै नजान्नु, शब्द उच्चारणमा कठिन भएको देखिन्छ,

ङ) यो एक जटिल समस्या हो, यस्ता विशेष विद्यार्थीका लागि विशेष कक्षा सञ्चालन गरी उपचारात्मक तथा निराकरणात्मक शिक्षण गर्नुपर्ने देखिन्छ,

च) नेपाली भाषालाई पनि गहन विषयका रूपमा लिएर तालिम प्राप्त र योग्य शिक्षकद्वारा पठनपाठन गराइनु पर्ने, देखिन्छ,

छ) सरकारी विद्यालयमा परम्परागत शिक्षण पद्धतिले घर जमाएको छ । तालिम प्राप्त र योग्य शिक्षक भएर पनि भाषिक सीपलाई व्यवहारमा उतार्न असफल छन् भने यता संस्थागत विद्यालयमा अङ्ग्रेजी भाषाको प्रभावले नेपाली भाषा शिक्षणको अस्तित्वमाथि नै प्रश्न चिन्ह खडा गरेको छ । यस गम्भीर विषयप्रति सम्बन्धित सबैको ध्यानाकर्षण हुनु आवश्यक देखिन्छ,

ज) विद्यालय स्तरमा सञ्चालन गरिने मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक आदि परीक्षामा प्रयोगात्मक अङ्क छुट्याएर पठन सीप अभिवृद्धि गराउनु पर्ने देखिन्छ ।

**भावी अनुसन्धान तह**

प्रस्तुत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन सम्बन्धी अध्ययन झापा जिल्लाका ६ वटा विद्यालयमा ६० जना विद्यार्थीहरूमा आधारित अध्ययन अनुसन्धान रहेको छ । यस अध्ययनको लागि सामग्री सङ्कलनको क्रममा झापाका ६ वटा विद्यालयका १०/१० जना विद्यार्थीहरूको नेपाली सस्वरपठन सम्बन्धी अध्ययन र त्यसमा देखिएका समस्याहरूलाई अध्ययन, विश्लेषण गरी त्यसबाट निस्किएको निष्कर्षका आधारमा सुझाव समेत दिने प्रयास गरिएको छ ।

थोरै विद्यालयमा गरिएको सर्वेक्षण र नमुना अध्ययनका आधारमा मात्र यो अध्ययन तयार गरिएकाले भावी दिनमा सस्वरपठन सम्बन्धी अझै सूक्ष्मतम गहिराइसम्म गएर विद्यार्थीहरूको पढाइ स्तर के कस्तो छ भनी पूर्ण अध्ययन गरी देखिएका समस्या निराकरण

गर्न तर्फ पनि लाग्नुपर्ने आवश्यकता महसुस गरिएको छ। त्यसैले सस्वरपठनका लागि भावी सम्भावित शीर्षकहरू यसप्रकार उल्लेख गर्न सकिन्छ :

क) निबन्ध, उपन्यास, कथा र जीवनी आदि विधामा छुट्टाछुट्टै अध्ययन,

ख) द्रुततर द्रुत र मन्द पठनको छुट्टाछुट्टै अध्ययन,

ग) अन्य कक्षाहरूको सस्वरपठनको अध्ययन,

घ) सस्वरपठनमा पठनबोध क्षमताको स्थितिको अध्ययन,

अन्त्यमा सस्वरपठन सम्बन्धी गरिएको एउटा मात्र कक्षाको यो सानो अध्ययनबाट नै भए पनि यस क्षेत्रसँग सम्बन्धित सबै पक्षहरूलाई अध्ययनको उद्देश्य साथै प्रयोजन अनुरूपको थोर बहुत जानकारी यस अध्ययनले अवश्य दिनेछ। भावी दिनहरूमा यसै विषयसँग निकट रहेर अध्ययन अनुसन्धान गर्नु हुने अध्ययनकर्ता, शोधार्थी महानुभावहरूलाई साथै जिज्ञासु जो कोहीलाई एउटा महत्त्वपूर्ण आधार सामग्री अवश्य हुन सक्ला नै। तै पनि यसलाई पूर्णता साथै समग्र अध्ययनबाट आधिकारिकता खोज्न धेरै त्याग, तपस्या, समय, श्रम, लगानीबाट मात्र सम्भव हुने भएकाले आगामी दिनहरूमा सस्वरपठन सम्बन्धी अझै फराकिलो दृष्टि साथै सोच हुनुपर्ने आवश्यकता रहेको छ।

## सन्दर्भ ग्रन्थसूची


अधिकारी, हेमाङ्ग राज (२०६३), *भाषा शिक्षण केही परिप्रेक्ष तथा पद्धति* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

के.सी., विनोद विक्रम (२०६७), *प्युठान जिल्लाका कक्षा सातमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

गिरी, हरि कुमारी, (२०६३), *कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

ढकाल, शान्तिप्रसाद (२०६२), *नेपाली भाषा शिक्षण परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६२), *भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण* पद्दति, काठमाडौं : एम.के.पब्लिकशर्स एण्ड डिस्ट्रीब्युटर्स, भोटाहिटी ।

पोखरेल, केशव राज र अन्य (२०६९), *नेपाली भाषा शिक्षण,* क्याम्ब्रिज पब्लिकेशन ।

बास्कोटा, भीमादेवी (२०६६), *कक्षा पाँच पूरा गरेका विद्यार्थीहरूको सस्वर पठन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली भाषा शिक्षा विभाग ।

भण्डारी, इन्द्रप्रसाद (२०६७), *कास्की जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

भण्डारी, पारस मणि (२०६०), *स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण* काठमाडौं : न्यू हिरा बुक्स ।

लम्साल, रामचन्द्र र अन्य (२०६२), *नेपाली भाषा शिक्षण,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

शर्मा, केदार प्रसाद र पौडेल, माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : न्यु हीरा बुक्स इन्टरप्राइजेज ।

सुवेदी, भूमिप्रसाद (२०६०), *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

## परिशिष्ट एक

## नमुना छनोटमा परेका विद्यार्थीहरू

| क.स | नाम थर | कक्षा | विद्यालय |
|---|---|---|---|
| १ | अनुस्का भुजेल | ८ | धुलाबारी उ.मा.वि |
| २ | सञ्जु मोची | ८ | धुलाबारी उ.मा वि |
| ३ | सन्तोष मिश्र | ८ | धुलाबारी उ.मा.वि. |
| ४ | इसा भुजेल | ८ | धुलाबारी उ.मा.वि. |
| ५ | मनिषा चौधरी | ८ | धुलाबारी उ.मा.वि. |
| ६ | राजु बयलकोटी | ८ | धुलाबारी उ.मा.वि. |
| ७ | विक्रम राजवंशी | ८ | धुलाबारी उ.मा.वि. |
| ८ | अङ्कित श्रेष्ठ | ८ | धुलाबारी उ.मा.वि. |
| ९ | चम्पा शाह | ८ | धुलाबारी उ.मा.वि. |
| १० | विमल तामाङ्ग | ८ | धुलाबारी उ.मा.वि. |
| ११ | राजीव दनुवार | ८ | सरस्वती शिक्षा सदन |
| १२ | शेख आलम | ८ | सरस्व्ती शिक्षा सदन |
| १३ | ममताज अली | ८ | सरस्वती शिक्षा सदन |
| १४ | रोशन कार्की | ८ | सरस्वती शिक्षा सदन |
| १५ | प्रशान्त पराजुली | ८ | सरस्वती शिक्षा सदन |
| १६ | आयुष प्रधान | ८ | सरस्वती शिक्षा सदन |
| १७ | मुना कार्की | ८ | सरस्वती शिक्षा सदन |
| १८ | अर्पण शेर्पा | ८ | सरस्वती शिक्षा सदन |
| १९ | प्रविन पोख्रेल | ८ | सरस्वती शिक्षा सदन |
| २० | इम्तियाज अली | ८ | सरस्वती शिक्षा सदन |
| २१ | कमला मण्डल | ८ | मेची मोडल एकाडमी |

| | | | |
|---|---|---|---|
| २२ | रेजु श्रेष्ठ | ८ | मेची मोडल एकाडमी |
| २३ | न्युटन लिम्बु | ८ | मेची मोडल एकाडमी |
| २४ | सन्तोष मगर | ८ | मेची मोडल एकाडमी |
| २५ | कञ्चन तिम्सिना | ८ | मेची मोडल एकाडमी |
| २६ | रीचा अधिकारी | ८ | मेची मोडल एकाडमी |
| २७ | अङ्कित चम्लगाइँ | ८ | मेची मोडल एकाडमी |
| २८ | प्रिया पौडेल | ८ | मेची मोडल एकाडमी |
| २९ | खुसी शर्मा | ८ | मेची मोडल एकाडमी |
| ३० | प्रज्वल रायमाझी | ८ | मेची मोडल एकाडमी |
| ३१ | समीक्षा शिवाकोटी | ८ | दन्तकाली बोर्डिङ स्कुल |
| ३२ | स्तुती दाहाल | ८ | दन्तकाली बोर्डिङ स्कुल |
| ३३ | मोनिका बुढाथोकी | ८ | दन्तकाली बोर्डिङ स्कुल |
| ३४ | खुशीलाल राजवंशी | ८ | दन्तकाली बोर्डिङ स्कुल |
| ३५ | अभिनास यादव | ८ | दन्तकाली बोर्डिङ स्कुल |
| ३६ | दिपेश दर्जी | ८ | दन्तकाली बोर्डिङ स्कुल |
| ३७ | अतित मेचे | ८ | दन्तकाली बोर्डिङ स्कुल |
| ३८ | दर्शन बुढाथोकी | ८ | दन्तकाली बोर्डिङ स्कुल |
| ३९ | इसान दनुवार | ८ | दन्तकाली बोर्डिङ स्कुल |
| ४० | रोशन मैनाली | ८ | दन्तकाली बोर्डिङ स्कुल |
| ४१ | बविता गौतम | ८ | भानु आधारभूत विद्यालय |
| ४२ | ज्योति विश्वकर्मा | ८ | भानु आधारभूत विद्यालय |
| ४३ | अर्पण तामाङ्ग | ८ | भानु आधारभूत विद्यालय |
| ४४ | सचिन किसान | ८ | भानु आधारभूत विद्यालय |
| ४५ | मञ्जु तामाङ्ग | ८ | भानु आधारभूत विद्यालय |

| | | | |
|---|---|---|---|
| ४६ | वसन्त कुँवर | ८ | भानु आधारभूत विद्यालय |
| ४७ | पवित्रा राजवंशी | ८ | भानु आधारभूत विद्यालय |
| ४८ | अभिषेक मण्डल | ८ | भानु आधारभूत विद्यालय |
| ४९ | तनुजा राजवशी | ८ | भानु आधारभूत विद्यालय |
| ५० | भीमा कुँवर | ८ | भानु आधारभूत विद्यालय |
| ५१ | प्रसुना श्रेष्ठ | ८ | भानु आधारभूत विद्यालय |
| ५२ | रविलाल गिरी | ८ | माहारानीगञ्ज मा.वि. |
| ५३ | रिमा चौधरी | ८ | माहारानीगञ्ज मा.वि. |
| ५४ | दुर्गादेवी नेपाल | ८ | माहारानीगञ्ज मा.वि. |
| ५५ | आशिका माझी | ८ | माहारानीगञ्ज मा.वि. |
| ५६ | खिना माझी | ८ | माहारानीगञ्ज मा.वि. |
| ५७ | अजिता खड्का | ८ | माहारानीगञ्ज मा.वि. |
| ५८ | सन्बुजोग चौधरी | ८ | माहारानीगञ्ज मा.वि. |
| ५९ | दिपेश लिम्बू | ८ | माहारानीगञ्ज मा.वि. |
| ६० | रश्मी राजवशी | ८ | माहारानीगञ्ज मा.वि. |

## परिशिष्ट : दुई

## नमुना छनोटमा परेका विद्यालयहरू

| क.स. | सामुदायिक विद्यालय | शिक्षक |
|---|---|---|
| १ | श्री भानु आधारभूत विद्यालय | कल्पना खतिवडा |
| २ | श्री धुलाबारी मा.वि. | सार्जन गहतराज |
| ३ | श्री माहारानीगञ्ज मा.वि. | अनिता शिवाकोटी |
| ४. | दन्तकाली बोर्डिङ स्कुल | सविता निरौला |
| ५. | सरस्वती शिक्षा सदन | सन्तोष  लम्साल |
| ६. | मेची मोडल एकाडमी | जमुना ढुङगाना |

# व्यक्तिवृत्त



**नाम** : निर्मला गौतम

**जन्म** : २०४२।११।२०

**पिताको नाम** : बेदप्रसाद गौतम

**माताको नाम** : हेमकुमारी गौतम

**स्थायी ठेगाना** : सूर्योदय न.पा. १२, कन्याम, इलाम

**सम्पर्क नं.** : ९८४२७१३१६७

**नागरिकता** : नेपाली

**धर्म** : हिन्दु

**पेशा** : विद्यार्थी

**मातृभाषा** : नेपाली

**वैवाहिक स्थिति** : विवाहित

**शिक्षाः**

| **क्र.सं.** | **तह** | **अध्ययन गरेको संस्था** | **बोर्ड** | **साल** |
|---|---|---|---|---|
| १. | प्रवेशिका | श्री कृष्णाश्रम, मा.वि., कन्याम | एस.एल.सी. नेपाल | २०६१ |
| २. | + २ | धुलाबारी क्याम्पस, धुलाबारी | त्रि.वि | २०६४ |
| ३. | स्नातक | धुलाबारी क्याम्पस, धुलाबारी | त्रि.वि. | २०६८ |
| ४. | स्नातकोत्तर | कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा | त्रि.वि. | २०७४ |